"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty – Mahalaxmi Municipality"

## महालक्ष्मी नगरपालिकाको

# प्रयास र उपलब्धि


२०७४/७५-२०७८/७९










स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५०,०००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
नक्सा पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**संरक्षक**
श्री रामेश्वर श्रेष्ठ, नगर प्रमुख
श्री निर्मला थापा, नगर उपप्रमुख

**सल्लाहकारहरू**
श्री रोशन ज्ञवाली
*प्रमुख प्रशासकीय अधिकृत*
श्री नन्दकुमार न्यौपाने
*वडा नं. १, वडा अध्यक्ष*
श्री राम बहादुर के.सी. सुवेदी
*वडा नं. २, वडा अध्यक्ष*
श्री कुवेर के.सी.
*वडा नं. ३, वडा अध्यक्ष*
श्री लक्ष्मण रोक्का
*वडा नं. ४, वडा अध्यक्ष*
श्री राजकुमार सिल्वाल
*वडा नं. ५, वडा अध्यक्ष*
श्री बासुदेव महर्जन
*वडा नं. ६, वडा अध्यक्ष*
श्री नकुल थापा
*वडा नं. ७, वडा अध्यक्ष*
श्री विश्वराज श्रेष्ठ
*वडा नं. ८, वडा अध्यक्ष*
श्री बासुदेव शर्मा गौतम
*वडा नं. ९, वडा अध्यक्ष*
श्री बलराम लामा
*वडा नं. १०, वडा अध्यक्ष*

**सङ्कलन तथा सम्पादन**
श्री चिरञ्जीवी पौडेल (प्रमुख शिक्षा अधिकृत)
श्री लब कुमार गुप्ता (इन्जिनियर)
श्री उर्मिला ढकाल (अधिकृत)
श्री मनिष सुवेदी (इन्जिनियर)
श्री सन्तोष पोखरेल (सूचना प्रविधि अधिकृत)

**संयोजन**
शेखर अधिकारी
*न्यूजरुम मिडिया*

**डिजाइन/मुद्रण**
क्याम्भास ट्रेड कन्सर्न


**प्रकाशक** : महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इमाडोल ललितपुर
**फोन नम्बर** : ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
**इमेल** : mahalaxmimun@gmail.com,
info@mahalaxmimun.gov.np
**वेबसाइट** : www.mahalaxmimun.gov.np
**प्रकाशन** : २०७८, श्रावण


**सर्वाधिकार** : महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललितपुर

# मन्तव्य



संघीयता कार्यान्वयन गर्ने गहन जिम्मेवारीसहित पहिलो नगर प्रमुखको रूपमा पाँच वर्ष व्यतित गर्ने अवसर प्रदान गर्ने महालक्ष्मी नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद । नगर प्रमुखको रूपमा पाँच वर्षको कार्यकालमा तपाईंहरूबाट प्राप्त सहयोग, सद्भाव र सहकार्यको भावनाप्रति विशेष आभार व्यक्त गर्दछु ।

संविधानसभाबाट निर्माण भएको नेपालको संविधानले दिएका अधिकारको प्रयोग गर्दै पहिलो नगर प्रमुखको रूपमा नगरको जग बसाउने काम भएको छ । कानूनी अस्पष्टता, संघीयताको वास्तविक कार्यान्वयन नभएको अवस्थाका बीचमा मेरो नेतृत्वमा निर्वाचित भएका जनप्रतिनिधिले तन-मन सहित नगर समृद्ध बनाउन विभिन्न क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको महसुस गरेको छु ।

संघीय सरकारले समेत निर्माण नगरेको शिक्षा ऐनसहित ६६ वटा कानूनहरू कार्यान्वयनमा गएका छन् । नयाँ पालिका भएकाले पूर्वाधारमा जोड दिनुपर्ने, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका क्षेत्रमा असाधारण काम भएका छन् । कति काम पूरा गर्न सकेका छौं, कति पूरा हुने क्रममा छन् । संवैधानिक व्यवस्थाअनुसार पाँच वर्षे कार्यकाल पूरा हुँदै गर्दा कतिपय कामले पूर्णता पाउने बेला पहिलो जनप्रतिनिधिको रूपमा भने बिदा लिनुपर्ने अवस्था छ ।

आज पाँच वर्षे कार्यकाल पूरा गर्न लाग्दा म मैले निर्वाचनमा घोषणा गरेका घोषणापत्र सम्झिरहेको छु । ती घोषणापत्रमा उल्लेख भएका अधिकांश काम पूरा भएका छन् । खानेपानी र पूर्वाधारका कतिपय कार्य अन्तिम चरणमा छन् ।

समग्रमा मैले मेरो पाँच वर्षे कार्यकाल नगरको जग बसाउन खर्च गरेको छु । दोस्रोपटक निर्वाचित भई आउने जनप्रतिनिधिले हाल लिइएका नीतिहरूको कार्यान्वयन गर्दै अगाडि बढे मात्रै पनि महालक्ष्मी नगरपालिका साँच्चिकै समृद्ध र सुखी नगरपालिका हुनेमा दुई मत छैन ।

अन्त्यमा फेरि पनि यस पुस्तकमार्फत नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । नगरको विकास र समृद्धिमा सदा, सर्वथा म तपाईंहरूसँगै रहनेछु ।

पुस्तकमा हाम्रा सिकाइ र उपलब्धिलाई समेट्ने प्रयास गर्नुभएकोमा जनप्रतिनिधिज्यूहरू तथा प्रकाशनमा खटिनुहुने कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख

# मन्तव्य



महालक्ष्मी नगरपालिकाले पाँच वर्षमा भए गरेका कामहरू र उपलब्धिहरू नगरबासीलाई जानकारी गराउने प्रयास गरेको छ । पाँच वर्षमा भएका कामहरू, हाम्रा सिकाइ र अनुभवलाई पुस्तकमा समेट्ने प्रयास गरेका छौं ।

पहिलो जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आउँदा जुन प्रतिबद्धता गरेका थियौं, ती अधिकांश पूरा भएको महसुस गरेको छु । महालक्ष्मी नगरपालिकाले खासगरी शिक्षा, स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधारका क्षेत्रमा चार वर्षमा उल्लेख्य प्रगति हासिल गरेको छ । युवाहरूलाई तालिम र रोजगार सृजना गर्ने काम भएका छन् ।

उपप्रमुखको रूपमा मैले कानूनले दिएका क्षेत्राधिकारभित्र रहेर काम गरेको छु । कानूनअनुसार उपप्रमुखलाई न्यायिक समिति, अनुगमन लगायतको पनि जिम्मा दिएको छ । ती काममा मैले इमान्दारितापूर्वक, निःस्वार्थ भावनाले काम गरेको छु ।

अन्त्यमा, फेरि पनि यस पुस्तकमार्फत नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरूमा पाँच वर्ष काम गर्ने अवसर दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । तपाईंहरूसँग आगामी दिनमा पनि नगरको विकास र सामाजिक गतिविधिमा भेट हुने नै छ ।

धन्यवाद ।

**निर्मला थापा**
उपप्रमुख

# विषय सूची


| | |
|---|---|
| महालक्ष्मी नगरपालिकाको परिचय | १ |
| महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरु | ५ |
| प्रथम निर्वाचित सरकारः महालक्ष्मी नगर प्रयास र उपलब्धि | ८ |
| नीतिगत सुधारः सुशासनको आधार | ९ |
| आत्मनिर्भरताको आधारः आन्तरिक राजस्वमा सुधार | १२ |
| बजेट र खर्चको अनुपात | १४ |
| आर्थिक सुशासनः बेरुजुमा सुधार | १५ |
| कर्मचारी प्रशासन सुदृढीकरणः सेवा प्रवाहमा सरलीकरण | १६ |
| मानव संसाधन | १७ |
| न्यायिक समिति र न्याय सम्पादन | १८ |
| पूर्वाधार विकासः आर्थिक विकासको आधार | २० |
| प्रशासनिक तथा सामुदायिक भवन निर्माण | २१ |
| सडक निर्माण तथा विस्तार | २२ |
| खानेपानी | २४ |
| पर्यटन पूर्वाधारः विकासको आधार | २८ |
| शैक्षिक हब र गुणस्तर सुधारका लागि शिक्षामा लगानी | २९ |
| फोटो ग्यालरी | ३२ |
| मुख्य मुख्य क्रियाकलापहरु र असल अभ्यास | ४२ |
| हाम्रो रोजाइः स्वास्थ्य र सरसफाइ | ४६ |
| हाम्रो प्रतिबद्धताः स्वच्छ र शुद्ध खानेपानीमा प्राथमिकता | ५२ |
| हाम्रा सहकारीः बन्दैछन् प्रभावकारी | ५६ |
| सामाजिक विकास शाखाबाट सञ्चालन भएका अन्य कार्यक्रमहरुको विवरण | ६५ |
| खाद्य हरियाली सहर कार्यक्रम | ६६ |
| महालक्ष्मी नगरपालिकाद्वारा एकीकृत नगर सूचना प्रणाली र विद्युतीय घर नक्सा प्रणाली सुरु | ७१ |

# महालक्ष्मी नगरपालिकाको परिचय




"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर" को दीर्घकालीन लक्ष्यसहित अघि बढेको महालक्ष्मी नगरपालिका बागमती प्रदेशअन्तर्गत ललितपुर जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ । यस नगरपालिकाको वडा नं ८ लुभुमा रहेको ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक महत्व रहेको महालक्ष्मी मन्दिरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको हो । महालक्ष्मीलाई ऐश्वर्य र समृद्धिको देवीका रूपमा मानिने भएकाले नगर पनि ऐश्वर्य र समृद्धिले भरिपूर्ण होस् भन्ने उद्देश्यले यस नगरपालिकाको नाम महालक्ष्मी नगरपालिका राखिएको देखिन्छ । इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार ५ गा.वि.स. समेटेर वि.सं. २०७१ मङ्सिर १६ मा यो नगरपालिका स्थापना भएको हो । हाल १० वडा रहेको यस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय वडा नं ४ कमलपोखरीमा रहेको छ । विभिन्न जातजाति, भाषाभाषी, कला र सभ्यताले भरिपूर्ण यस नगरपालिका धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय दृष्टिले समेत सम्पन्न छ ।

## भौगोलिक अवस्थिति

अक्षांश: २७° ३७′ देखि २७° ४०′ उत्तरी अक्षांश सम्म
देशान्तर: ८५° २०′ देखि ८५° २६′ पूर्वी देशान्तर सम्म
उचाइ: औसत १५७४ मी.
क्षेत्रफल: २६.५ वर्ग कि.मी.
पूर्व - पश्चिम औसत लम्बाइ: १२.२ कि.मी.
उत्तर - दक्षिण औसत चौडाइ: ३.४७ कि.मी.
(स्रोत: Google Earth)

## सिमाना

पूर्व: पनौती नगरपालिका, काभ्रेपलान्चोक
पश्चिम: ललितपुर महानगरपालिका, ललितपर
उत्तर: मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिका, भक्तपुर
दक्षिण: ललितपुर महानगरपालिका र गोदावरी नगरपालिका, ललितपुर

## नगरको राजनीतिक एवम् प्रशासनिक विभाजन

सङ्घीय निर्वाचन क्षेत्र: ललितपुर २
प्रदेश निर्वाचन क्षेत्र: ललितपुर २ (क)
वडा सङ्ख्या - हाल १० (२०७३/११/२६ देखि)

## जलवायु

हावापानी: समशीतोष्ण
औसत सापेक्षिक आर्द्रता: ५० देखि ८० प्रतिशतसम्म

## तापक्रम

औसत अधिकतम तापक्रम २३.६ डिग्री सेल्सियस
औसत न्यूनतम तापक्रम १०.७ डिग्री सेल्सियस

## जनसङ्ख्या

कुल जनसङ्ख्या: ११८७१० (महिला: ६०३८८ पुरूष: ५८३२२) जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार
परिवारको औसत आकार: ४ जना
(स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार)

## कृषि

| कुल खेतीयोग्य जमिन (हे .) | हाल खेती भइरहेको जमिन (हे .) | सिञ्चित क्षेत्रफल (हे .) | |
|---|---|---|---|
| | | वर्षभरि | मौसमी |
| १७२४ | १०३५ | ८४८ | १८७ |

(स्रोत: राष्ट्रिय कृषि गणना २०६८ का अनुसार)

## वडा कार्यालयहरूको विवरण

| वडा नं. | कार्यालय रहेको स्थान | सम्पर्क नं | इमेल ठेगाना |
|---|---|---|---|
| १ | इमाडोल | ०१-५२००९३८ | mahalaxmi01ward@gmail .com |
| २ | इमाडोल | ०१-५२०३७७१ | mahalaxmimunwardno02@gmail .com |
| ३ | इमाडोल | ०१-५२०४३५२ | mahalaxmimunw3@gmail .com |
| ४ | इमाडोल | ०१-५२०४१९९ | mahalaxmimunw4@gmail .com |
| ५ | टिकाथली | ०१-५००७२५१ | mahalaxmimunw5@gmail .com |
| ६ | सिद्धिपुर | ०१-५७०९१८१ | mahalaxmimunw6@gmail .com |
| ७ | चाङ्गाथली | ०१-५२६६२८८ | mahalaxmimunw7@gmail .com |
| ८ | लुभु | ०१-५५८०११७ | mahalaxmimunw8@gmail .com |
| ९ | लामाटार | ०१-५१३२१४६ | ward9.mahalaxmimun@gmail .com |
| १० | लाँकुरी भञ्ज्याङ | ९८५१२३६८३१ | mahalaxmimunw10@gmail .com |

## कृषि एवम् पशु पकेट क्षेत्रहरूको विवरण

| क्र. स. | पकेट क्षेत्रको विवरण | वडा नं |
|---|---|---|
| १ | कौसी खेती | १ देखि ५ |
| २ | लहरे तरकारी खेती | ६ र ७ |
| ३ | च्याउ र पुष्प खेती | ८ |
| ४ | गोलभेँडा खेती, गाईपालन | ९ |
| ५ | अलैंची र ओखर खेती, बाख्रापालन | १० |

## नदी/खोला तथा पोखरीहरू

**नदी:** कर्मनाशा, गोदावरी, मनोहरा

**खोला:** गौमती, श्रृङ्गमति, वासुकी, ढुङ्गेखोला, धाराचौर, कमेरे, जङ्गली खोला, ठूलो खोला, तिल्पु खोला, फेदी खोला, मानेदोभान खोला, कागेश्वरी खोला, चापाखर्क खोला, ढुङ्गे खोला

**पोखरीहरू:** बोभ्रेपोखरी, कमलपोखरी, फोङ्गाः पुखु, शान्तिपुखुः, बुद्ध पोखरी (न्हु पखः), पाँचपोखरी, भैरव कुण्ड, सिंथलीडाँडाँ पोखरी, लामा डाँडाँ पोखरी

**झरनाहरू:** ढडेन झरना, कागेश्वरी झरना, काजीटोल झरना

## वनजङ्गल

**सामुदायिक वन:**

**वडा नं ८ :** ढुङ्गाखानी सामुदायिक वन (ज्यामिरकोट)

**वडा नं ९ :** ढिकसपाखा, काफले, पात्ले, गणेश, गौमती, पँदाली, चिसापानी, श्रृङ्गेरी,

**वडा नं १० :** माथिल्लो पात्ले सामुदायिक वन, मानेडाँडँ सामुदायिक वन, सिंथलीडाँडाँ सामुदायिक वन, गोलडाँडाँ सामुदायिक वन

## प्रमुख धार्मिक सम्पदाहरू

**वडा नं १ :** कृष्ण प्रणामी मूल मन्दिर, सर्वेश्वर महादेव मन्दिर, छोठुल गुम्बा,

**वडा नं २ :** अशोक स्तुपा, भगवानस्थान चैत्य

**वडा नं ३ :** पैनाचल महादेव मन्दिर र सत्यनारायण मन्दिर

**वडा नं ४ :** जगदिश्वोर महादेव मन्दिर

**वडा नं ५ :** शिव मन्दिर, टिकेश्वर महादेव मन्दिर

**वडा नं ६ :** बंगलामुखी मन्दिर, गणेश मन्दिर, भैरव थानः भैल द्यः मन्दिर, नासः द्यः (नाट्येश्वर) र बालकुमारी मन्दिर, सिद्धेश्वर महादेव मन्दिर, लुकुमाःद्यः (लुकेको महादेव), सिद्धि मंगल बुद्ध विहार, धर्मचक्र महाविहारः

**वडा नं ७ :** गुप्तेश्वर महादेव मन्दिर, चाङ्गाथली विहार

**वडा नं ८ :** महालक्ष्मी महाभैरव मन्दिर, गोभ्राटेश्वर महादेव मन्दिर, गणेश मन्दिर, देविस्थान मन्दिर, शत्तदेवी मन्दिर, चुन्देवी देवल, भगवती मन्दिर, नारायण मन्दिर, लोकनाथ मन्दिर, नारायणी मन्दिर

**वडा नं ९ :** भैरवस्थान, देवीस्थान, गोचण्डेश्वरी, श्रृङ्गऋषि, संकटमुक्तेश्वर, राम मन्दिर, ससाम्बु माई

**वडा नं १० :** माने चैत्य स्तुपा, श्रृङ्ग ऋषि गुफा, बासुकी धाम, काली देवी मन्दिर, भीमसेन मन्दिर

## प्रमुख पर्यटकीय स्थलहरू

लाँकुरी भञ्ज्याङ, कोट डाँडा, श्रृङ्गेरी डाँडा, श्रृङ्गेरी गुफा, बासुकी नागस्थान र कामधेनु गुफा, मातभ्व सङ्गम, गौशिङ्ग तीर्थ, गणेशमान पार्क, माने चैत्य गुम्बा, भिमसेन डाँडा सूर्योदय स्थल, मनमोहन मेमोरियल टावर तथा पार्क (निर्माणाधीन), पाँच पोखरी डाँडा, श्रृङ्ग ऋषि गुफा

## प्रमुख चाडपर्व तथा जात्राहरू



**प्रमुख चाडपर्वहरू** - दसैं, तिहार, ल्होसार, म्हः पूजा, सिठी नःखः (कुमार षष्ठी), यःमरी पुन्ही, गुणी पुन्ही (रक्षाबन्धन), गठेमङ्गल, फागु पूर्णिमा, राम नवमी, चैत्य पूर्णिमा, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति

**प्रमुख जात्राहरू** - महालक्ष्मी - महाभैरब (लुभु) जात्रा, गोभ्राटेश्वर महादेव जात्रा, खड्ग जात्रा बालकुमारी जात्रा, मतयाः, सिद्धिपुर जात्रा, गाई जात्रा, कृष्ण जात्रा, कागेश्वरी जात्रा, फुल्चोकी जात्रा

## प्रमुख उद्योगहरू

कपडा/गार्मेन्ट उद्योग, प्रिन्टिङ प्रेस, कागज कारखाना, ब्लक उद्योग, आल्मुनियम तथा अन्य मेटल उद्योग, फर्निचर उद्योग, मूर्ति उद्योग, ढलौट उद्योग, अक्सिजन उद्योग, औषधी उद्योग

## नगरभित्र बोलिने प्रमुख भाषाहरू

नेपाली, नेवारी, तामाङ

## स्वास्थ्य संस्थाहरू

**अस्पताल (निजी)** - २

किस्ट मेडिकल कलेज तथा अस्पताल
इमाडोल (वडा नं १)
केयर एन्ड क्यूर मल्टिस्पेसलिटि हस्पिटल प्रा. लि.
टिकाथली (वडा नं ५)

**प्राथमिक स्वास्थ्य केन्द्र - १**

लुभु प्राथमिक स्वास्थ्य केन्द्र
लुभु (वडा नं ८)

**स्वास्थ्य चौकी - ४**

इमाडोल स्वास्थ्य चौकी - इमाडोल (वडा नं १)
सिद्धिपुर स्वास्थ्य चौकी - सिद्धिपुर (वडा नं ६)
टिकाथली स्वास्थ्य चौकी - चाङ्गाथली (वडा नं ७)
लामाटार स्वास्थ्य चौकी - लाँकुरी भञ्ज्याङ (वडा नं १०)

**आधारभूत स्वास्थ्य सेवा केन्द्र - ५**

आधारभूत स्वास्थ्य सेवा केन्द्र
भगवानस्थान (वडा नं २)
आधारभूत स्वास्थ्य सेवा केन्द्र
बोजेपोखरी (वडा नं ३)
आधारभूत स्वास्थ्य सेवा केन्द्र
सितापाखा (वडा नं ४)
आधारभूत स्वास्थ्य सेवा केन्द्र
टिकाथली (वडा नं ५)
आधारभूत स्वास्थ्य सेवा केन्द्र
लामाटार (वडा नं ९)

## प्रहरी सुरक्षा

इमाडोल प्रहरी प्रभाग - वडा नं १, इमाडोल
लुभु प्रहरी प्रभाग - वडा नं ८, लुभु
टिकाथली प्रहरी चौकी - वडा नं ५, टिकाथली
लाँकुरी भञ्ज्याङ प्रहरी चौकी - वडा नं १०, लाँकुरी भञ्ज्याङ

## वित्तीय संस्थाहरू

बैङ्क : २१, सहकारी : ८७

## गैरसरकारी संस्था

२५ वटा

# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरु



**वासुदेव महर्जन**
वडा अध्यक्ष - ६



**सुरेन्द्र अमात्य**
वडा सदस्य - ६



**नन्द महर्जन**
वडा सदस्य - ६



**शोभा महर्जन**
महिला वडा सदस्य - ६



**लक्ष्मी त्रिखत्री**
दलित महिला सदस्य - ६



**नकुल थापा**
वडा अध्यक्ष - ७



**दामोदरप्रसाद पौडेल**
वडा सदस्य - ७



**साधुराम श्रेष्ठ**
वडा सदस्य - ७



**रेश्मा के.सी. (कार्की)**
महिला सदस्य - ७



**रमा रम्तेल**
दलित महिला सदस्य - ७



**विश्वराज श्रेष्ठ**
वडा अध्यक्ष - ८



**अनिल श्रेष्ठ**
वडा सदस्य - ८



**आशिष के.सी.**
वडा सदस्य - ८



**अम्बिका श्रेष्ठ**
महिला वडा सदस्य - ८



**उमा मिजार**
दलित महिला सदस्य - ८



**वासुदेव शर्मा गौतम**
वडा अध्यक्ष - ९



**राजकुमार के.सी.**
वडा सदस्य - ९



**राजेन्द्र घिमिरे**
वडा सदस्य - ९



**अम्बु पोखरेल**
महिला वडा सदस्य - ९



**रिता पुकुर्टी**
दलित महिला सदस्य - ९



**बलराम लामा**
वडा अध्यक्ष - १०




**आलोककुमार तामाङ**
वडा सदस्य - १०



**छेवाङ तामाङ**
वडा सदस्य - १०



**निशा गुरुङ**
महिला वडा सदस्य - १०



**सरिता सुनार**
दलित महिला सदस्य - १०



**रमेश मिजार**
कार्यपालिका सदस्य



**कुमार बयलकोटी**
कार्यपालिका सदस्य



**मिरा पौडेल**
कार्यपालिका सदस्य

# नगर गान

यस नगरपालिकाको नगरकार्यपालिका सदस्य एवम् वडा नं ९ का अध्यक्ष श्री वासुदेव शर्मा गौतमद्वारा रचित नगर गानका सम्बन्धमा नगरकार्यपालिकाको १२१ औं बैठकको निर्णय अनुसार ५ सदस्यीय समिति गठन गरी नगर गानलाई अन्तिम रूप प्रदान गर्न जिम्मेवारी तोकिएकोमा सो समितिका विभिन्न समयमा बसेका बैठकहरूमा विज्ञहरूको रायसमेत लिई नगर गानलाई अन्तिम रूपम दिइएको छ । त्यसका साथै, वरिष्ठ सङ्गीतकार एवम् रेडियो नेपालका निर्देशक श्री टीका भण्डारीद्वारा नगर गानको सङ्गीत संयोजन गर्ने कार्य सम्पन्न भएको छ ।

*स्वच्छ ,सफा, समृद्ध, सुन्दर*

*हाम्रो राम्रो महालक्ष्मी नगर*

*हाम्रो श्रम हाम्रो शक्ति हाम्रै पौरख*

*मिलेका छौं जातजाति सोच उन्नत*

*आफ्नै सीप आफ्नै कला हामी उद्यमी*

*नगर हामी बनाउँछौ हुनेछैन कमी*

*प्रकृति छन् भरिपूर्ण नगर हराभरा*

*कृषि उद्योग पर्यटनमा उर्वर छ यो धरा*

*सम्पदा छन थरीथरी महालक्ष्मी सान*

*शान्तिप्रेमी परिश्रमी हाम्रो पहिचान । ।*

# प्रथम निर्वाचित सरकार: महालक्ष्मी नगर
# प्रयास र उपलब्धि

## भूमिका

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । संवैधानिक तथा कानुनी दायित्व पूरा गर्न आवश्यक स्रोत साधन, संस्थागत संरचना तथा कर्मचारी व्यवस्थापन गर्ने, स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानुन तर्जुमा गरी लागू गर्ने, प्रभावकारी सेवाप्रवाहका लागि स्थानीय सरकारको भूमिका स्थापित गराउने, नागरिकमैत्री सेवा, पारदर्शी र उत्तरदायी शासनका माध्यमबाट जनताबिच सुशासनको प्रत्याभूति गराई सङ्घीय शासन प्रणालीको औचित्य स्थापित गराउने चुनौतीका बीचमा स्थानीय शासनको जग बसाउने मूलभूत अभिभारासहित निर्वाचित महालक्ष्मी नगरको स्थानीय सरकारको प्रथम सभाले "स्वच्छ, सफा, समृध्द, सुन्दर - महालक्ष्मी नगर" को दीर्घकालीन लक्ष्य तय गरी नगरको समग्र विकासको नीति तथा योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

निर्वाचन पश्चचातको प्रथम आवधिक कार्यकालमा निर्वाचित संस्था नगरसभा र नगर कार्यपालिका नगरवासीहरूको हितमा नीतिहरू तर्जुमा गर्ने, कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्ने, सेवा प्रवाहलाई सरल, चुस्त, पारदर्शी बनाउने, विकास निर्माणलाई दिगो विकाससँग आबद्ध गरी गुणस्तर कायम गराउने, अन्तर तहका सरकार र अन्तर स्थानीय तहहरू बीचको समन्वयलाई प्रभावकारी बनाउने, संविधान प्रदत्त अधिकारका विषयक्षेत्रमा असल अभ्यासहरू सुरू गरी प्रथम नगर सभाले तय गरेको "स्वच्छ, सफा, समृध्द, सुन्दर - महालक्ष्मी नगर" को दीर्घकालीन लक्ष्य प्राप्तिको नजिक पुगेको छ ।

हालसम्म प्राप्त भएको उपलब्धि, यसका लागि भए गरेका प्रयास र आगामी दिनमा गर्नुपर्ने कार्यहरूलाई समेत दिशा निर्देश गर्ने गरी प्रथम निर्वाचित स्थानिय सरकारले सम्पन्न गरेका कार्यहरू सम्बन्ध सरोकारवालाहरूको जानकारीका लागि उपयोगी होस् भन्ने अभिप्रायले यो प्रकाशन तयार गरिएको छ । यस प्रकाशनले महालक्ष्मी नगरपालिकाको नीति नियम, पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकास लगायतका पक्षहरूको बारेमा हालसम्मको उपलब्धि समेत समेटिएको छ ।

# प्रयास र उपलब्धि

## नीतिगत सुधारः सुशासनको आधार




संविधानले व्यवस्था गरेको स्थानीय तहको एकल अधिकार र साझा अधिकारका विषयहरूको कार्यान्वयनका लागि पर्याप्त नीतिगत तथा कानुनी आधारहरु तर्जुमा गर्नुपर्ने आवश्यकता थियो । अपर्याप्त विशिष्ट जनशक्ति तथा पूराना आधारहरूको अभावमा प्रथम कार्यकालमा आफ्नै अग्रसरता तथा सङ्घीय सरकारको सहयोग तथा सहजीकरणमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण भएको छ । जसले गर्दा स्थानीय सरकारको नीतिगत थिति बसेको छ । यस अवधिमा नगरसभा तथा नगर कार्यपालिकाबाट स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशन भएका नीतिगत दस्तावेजको सूची देहायबमोजिम रहेको छः

## ऐनहरू(२३)

१. महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन, २०७४
२. महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०७४
३. महालक्ष्मी नगरपालिकाको सहकारी ऐन, २०७५
४. न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५
६. महालक्ष्मी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
७. महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७५)
८. महालक्ष्मी नगरपालिकामा सञ्चालित व्यापारिक फर्म नियमन गर्ने ऐन,२०७५
९. महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन, २०७५
१०. महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०७५
११. महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०७५(संसोधन सहित)
१२. महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५
१३. महालक्ष्मी नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७६
१४. महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन, २०७६
१५. महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन, २०७६
१६. महालक्ष्मी नगरपालिका शिक्षा ऐन, २०७६
१७. महालक्ष्मी नगरपालिका स्वास्थ्य ऐन, २०७६
१८. महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन,२०७७
१९. महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन, २०७७
२०. महालक्ष्मी नगरपालिकाको नगर वन ऐन, २०७७
२१. महालक्ष्मी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७
२२. महालक्ष्मी नगरपालिका ललितपुरको आर्थिक ऐन २०७८
२३. महालक्ष्मी नगरपालिका विनियोजन ऐन, २०७८

## कार्यविधिहरू (२९)

१. महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७४
२. आधारभूत तथा माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४
३. ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७४
४. 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नवीकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५( संशोधन सहित)
५. महालक्ष्मी नगरपालिकाको नगर सभा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७५

६. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित)
७. महालक्ष्मी नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि,२०७५
८. महालक्ष्मी नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
९. महालक्ष्मी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५
१०. महालक्ष्मी नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ (संशोधन सहित)
११. महालक्ष्मी नगर क्षेत्र भित्रको नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाइ सम्बन्धी कार्यविधि, २०७५
१२. महालक्ष्मी राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६
१३. महालक्ष्मी नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति कार्यविधि, २०७६
१४. महालक्ष्मी नगरपालिका विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७६
१५. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६
१६. महालक्ष्मी नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा तथा खर्च गर्ने सम्बन्धी कार्यविधि,२०७६
१७. श्रम बैङ्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७
१८. उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि, २०७७
१९. मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७७
२०. महालक्ष्मी नगरपालिका नगरसभा सञ्चालन कार्यविधि, २०७५
२१. महालक्ष्मी नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
२२. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७
२३. महालक्ष्मी नगरपालिका छात्रा शैक्षिक सहायता कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
२४. महालक्ष्मी नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७८
२५. महालक्ष्मी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
२६. महालक्ष्मी नगरपालिकाको राजस्व परामर्श समितिको बैठक सञ्चालन कार्यविधि
२७. महालक्ष्मी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ तेस्रो संशोधन २०७८ सहित
२८. महालक्ष्मी नगरपालिका आधारभूत तह विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि २०७८
२९. महालक्ष्मी नगरपालिकाको बाल संरक्षण तथा संवर्द्धनसम्बन्धी कार्यविधि, २०७८

## निर्देशिकाहरू - ८ वटा

१. टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालनसम्बन्धी निर्देशिका, २०७५
२. कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६
३. महालक्ष्मी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७६
४. महालक्ष्मी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७
५. महालक्ष्मी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८
६. महालक्ष्मी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरणसम्बन्धी निर्देशिका २०७८

७. महालक्ष्मी नगरपालिका ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७८
८. महालक्ष्मी नगरपालिकाको जग्गा विकास (पल्टिङ) तथा आवास कम्पनी स्वीकृति निर्देशिका २०७८

## नियम/विनियम – ३ वटा

१. नगरकार्यपालिका -कार्यसम्पादन) नियमावली, २०७४
२. मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम, २०७६
३. महालक्ष्मी नगरपालिकाको सहकारी नियमावली २०७८

## मापदण्ड – ४ वटा

१. महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण मापदण्ड, २०७४
२. महालक्ष्मी नगरपालिका कर्मचारी प्रोत्साहनसम्बन्धी मापदण्ड, २०७६
३. महालक्ष्मी नगरपालिका नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन मापदण्ड,२०७७
४. योजना तथा भवन निर्माण मापदण्ड दोस्रो संशोधन २०७७

# आत्मनिर्भरताको आधारः आन्तरिक राजस्वमा सुधार

संविधानको भाग १९ मा भएको स्थानीय आर्थिक कार्य प्रणाली तथा अनुसूची ८को व्यवस्थाबमोजिम स्थानीय सरकारलाई स्थानीय करको क्षेत्राधिकार तोकेको छ । जस अनुसार राजस्व र व्ययको अनुमान कानुनबमोजिम नगरसभाबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । यसका लागि नगरपालिकाले सुरूको वर्षदेखि नै आर्थिक ऐन निर्माण गर्दै आएको छ ।

राजस्व सङ्कलन र परिचालन विकासको आधार हो भन्ने कुरालाई मनन गरी प्रथम नगरसभा पश्चात् नगरपालिकाले तय गरेको आर्थिक नीतिलाई कार्यान्वयन गर्ने क्रममा करका दरहरूलाई व्यवसायको प्रकृति र पूँजीका आधारमा व्यवस्थित गर्नुका साथै लक्षित वर्गका लागि कर छुटको व्यवस्था समेत गरी आर्थिक ऐनको निर्माण गरी लागू गरिएको छ । आर्थिक ऐन, कानुन, कार्यविधिमा गरिएका नीतिगत, कार्यगत र व्यवहारगत सुधारको परिणाम स्वरूप प्रथम वर्षको तुलनामा आन्तरिक राजस्व सङ्कलनमा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ।

# राजस्व सङ्कलनको अवस्था

» राजस्वमा रहेको करको विवरण र छुट तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्थालाई प्रचार समग्री (प्याम्पेलट र पर्चा) तयार गरी विभिन्न समयमा नगर प्रहरी र स्वयंसेवकहरू परिचालन गरी नगरभरि नै वितरण गरिएको
» सबै वडाका उत्कृष्ट करदाताहरूको पहिचान गरी कर दिवसको दिन वडागत रूपमा उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरिएको



कोभिडबाट सचेत र सतर्क रहौं । कोरोना सङ्क्रमणको जोखिम कायमै छ । यसले कुनै पनि समय महामारीको रुप लिन सक्नेछ । त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं, जमघट तथा भीडभाडमा जाँदा अनिवार्य रुपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।


**महालक्ष्मी नगरपालिका**


**नगर कार्यपालिकाको कार्यालय**

ललितपुर, बागमती प्रदेश, नेपाल

# बजेट र खर्चको अनुपातः

बजेट तर्जुमासँगै त्यसको कार्यान्वयन पक्ष अत्यन्त महत्वपूर्ण हुने कुरालाई मध्यनजर गरी यस नगरपालिकाले सुरूका दिनदेखि नै बजेट कार्यान्वयन पक्षलाई जोड दिँदै विकास निर्माण कार्यलाई अघि बढाउँदै आएको छ । पछिल्ला वर्षहरूमा विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ का कारण विकास कार्यमा अवरोध पुगेकाले बजेट खर्चमा न्यूनता आएको देखिन्छ । सङ्घीय एवम् प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, समपूरक र विशेष अनुदान एवम् स्थानीय आन्तरिक स्रोतबाट प्राप्त हुने रकम समेतका आधारमा यथार्थपरक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन भएकोमा हालसम्मको तुलनात्मक अवस्था तपसिलबमोजिम रहेको छ :




| आ .व | कूल बजेट | पूँजीगत खर्च | चालु खर्च | जम्मा खर्च | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २०७४/७५ | | १३४२६७१५४ | २५५४०१९६७ | ३८९६६९१२२ ।४० | |
| २०७५/७६ | ७५१३९१८०० | २१२१५७००९ | २७८७५६२६० | ४९०९१३२७० ।१८ | ६५ ।३३३८६ |
| २०७६/७७ | १०४६३४६६२० | २२४७६८७१२ | ३१५५१८९४२ | ५४०२८७६५५ ।१२ | ५१ ।६३५६२९ |
| २०७७/७८ | १८८९५८४२९० | ४३६७७५७०६ | ३३९८७७६९८ | ७७६६५३४०५ ।०९ | ४१ ।१०१८१३ |

# आर्थिक सुशासनः बेरुजुमा सुधार

आर्थिक सुशासनमा पारदर्शीता, मितव्ययिता, औचित्य, नियमितता र कार्यदक्षता महत्वपूर्ण पक्षहरू हुन् । जसले आर्थिक व्यवहारका आधारहरू निर्धारण गर्दछन् । त्यसैले उक्त पक्षहरूलाई उचित रूपमा व्यवस्थापन गर्दै बेरूजुको मात्रामा न्यूनीकरण गर्न सकिन्छ । यस नगरपालिकाको विगत चार वर्षको बेरूजुको अवस्था हेर्दा क्रमशः घट्दै गएको देखिन्छ । महालक्ष्मी नगरपालिकाले बेरूजु फर्छौटका लागि भुक्तानी पूर्व आन्तरिक लेखापरीक्षण गर्ने गरिएको, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको, लेखा समितिको बैठकमा नियमित गर्ने बेरूजुको छलफल गरी नगरसभामा पेस गर्ने प्रारम्भिक प्रतिवेदनले औँल्याएका बेरूजुहरू फर्छौटको लागि सम्परीक्षण गर्ने लगायतका प्रयासहरू गर्दै आएको छ ।



| आ.व | बेरुजु रकम | | | | जम्मा बेरुजु | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण पेस गर्नुपर्ने | पेस्की | | |
| २०७३/७४ | २,०१,८२८.८४ | ५ ८,७०,३५५ | ६,२४,३७६ | ३,९९,६६,६०० | ४,६६,६३,१५९.८४ | |
| २०७४/७५ | २,२५,३१७.८ | २४,५७,०६५ | २२,७३,२०६ | ४,७०,००० | ५४,२५,५८८.८ | ६.८३% |
| २०७५/७६ | ४,७१,९५३ | १,७३,५०,३१३ | ३६,६८,२१६.५५ | १७,८७,५०० | २,३२,७७,९८२.५५ | १.६५% |
| २०७६/७७ | ४२,७१,५०० | ६२,८७,०३९ | ४४,७०,००० | | १,५०,२८,५३९ | २.३४% |
| जम्मा | ९,४१,८१,४६४ | ३,१९,६४,७७२ | १,१०,३५,७९८.५५ | ४,२२,२४,१०० | ९,११,४५,२७०.१९ | |

# कर्मचारी प्रशासन सुदृढीकरण: सेवा प्रवाहमा सरलीकरण

स्थानीय सरकारको प्रारम्भिक अवस्थामा कर्मचारीको अपर्याप्तता साथै दक्ष कर्मचारीको अभावले गर्दा सार्वजनिक सेवा प्रवाहमा कठिनाइ रहेको थियो। कठिनाइका बावजुत उपलब्ध न्यूनतम मानवीय जनशक्तिको उच्चतम व्यवस्थापन, उपयोग, क्षमता अभिवृद्धि तथा परिचालन गरी सेवा प्रवाहलाई जनमुखी तथा सेवाग्राहीमैत्री बनाउन प्रयास गरिएको छ । **सेवा प्रवाहमा एकपाइला सरौं, विनम्रता र तत्परता सहित सेवा गरौं** भन्ने नाराका साथ प्रक्रियागत एवम् व्यवहारगत सुधारसहित सेवा प्रवाहलाई सरलीकरण गर्दै लगिएको छ ।

त्यसक्रममा सुशासन तथा सेवा प्रवाहका क्षेत्रमा डिजिटल नागरिक बडापत्र, फ्रि इन्टरनेट र खानेपानी सुविधा सहितको सेवाग्राही प्रतीक्षा कक्ष, एकीकृत सेवा प्रणाली तथा गुनासो सुनुवाइको व्यवस्था मिलाइएको छ साथै प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसँग, शाखा प्रमुखहरूले प्रमुख प्रशासकीय अधिकृतसँग उपलब्धिसूचक सहितको कार्यसम्पादन सम्झौता गरिएको छ । सेवाग्राहीको जिज्ञासा समाधानका लागि बारम्बार सोधिने प्रश्नहरू (FAQ) तयार गरी वेबसाइटमा राखिएको छ। त्यसैगरी विभिन्न पदहरूको कार्यविवरण तयार गरी लागु गरिएको छ। सूचना अधिकारीमार्फत सूचना व्यवस्थापनलाई प्रभावकारी बनाइएको छ। सेवा प्रवाह सवलीकरणका लागि यस अवधिमा नगरबाट भएका प्रमुख कार्यहरूको सूचीलाई देहायबमोजिम प्रस्तुत गरिएको छ:

» नगर क्षेत्रभित्र उपभोक्तामार्फत गरिने योजना कार्यान्वयनका लागि सरलीकरण र सहजीकरण गर्ने उद्देश्यका साथ आ.व २०७७/०७८ देखि नै क्रमबद्ध रूपमा उपभोक्ता समिति, वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयबाट प्रयोग हुने सम्पूर्ण कागजातसहित योजना सञ्चालन पुस्तिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

» नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरू सम्बन्धी सम्पूर्ण विवरण रहने गरी नगरपालिकाको कार्यालय र वडा कार्यालयहरूमा नागरिक वडापत्र राखिएको छ साथै नगर कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिएको छ।

» यस नगर कार्यपालिकाको कार्यालयमा रहेको गुनासो पेटिका हरेक हप्ताको शुक्रबार खोली प्राप्त गुनासोमाथि आवश्यक कारबाही गरिने व्यवस्था निरन्तर रूपमा गरिँदै आएको छ ।

» कार्यालयमा आउने सेवाग्राहीहरूलाई सबै शाखाहरू कार्यालय भवनको कुन तल्ला र कोठामा छ भन्ने जानकारी सजिलै दिने उद्देश्यका साथ हरेक शाखाहरूलाई कोठा सङ्केत नम्बर दिइएको छ र सबै कोठा सङ्केत नम्बरहरू कार्यालयको प्रवेशद्वार नजिकै राखिएको छ।

» यस नगरपालिकाका कर्मचारीहरूको दैनिक कार्यसम्पादन पुस्तिकाको निर्माण गरिएको छ जसमा हरेक दिन सम्पादन गरिएका मुख्य-मुख्य उपलब्धिहरूको विवरण र आउने दिनमा गर्नुपर्ने कार्यहरूको कार्ययोजना राख्न मिल्ने व्यवस्था गरिएको छ ।

## मानव संसाधन

पन्ध्रौं योजनाले दक्ष, कुशल, सीपयुक्त र उत्पादनशील मानव संशाधनको विकास गर्ने सोच र बजारको माग र आपूर्तिबीच सन्तुलन कायम गर्दै सामाजिक तथा आर्थिक रूपान्तरणका लागि मानव संसाधको विकास गर्ने लक्ष्य लिएको छ । जसका लागि दुई वटा उद्देश्य र पाँच वटा रणनीति तय गरिएको छ । यसको आधारमा योजना अवधिभरमा काम गर्ने उमेर समूहका प्राविधिक र व्यवसायिक क्षेत्रमा तालिम प्राप्त  जनसङ्ख्या ३१ बाट ५० प्रतिशत पुर्याउने अपेक्षा गरिएको छ । सोही अनुसार यस नगरपालिकाले नीति तथा कार्यक्रममा नै आवश्यक तालिम प्राप्त मध्यमस्तरको जनशक्ति तयारीको लागि प्राविधिक शिक्षामा जोड दिने, सीप तथा तालिम सञ्चालनमा लगानी गर्ने, युवा स्वरोजगार कार्यक्रमलाई समेटी प्रभावकारी रूपले कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरी कार्यान्वयन गरेको छ । नगरपालिकालाई आवश्यक जनशक्तिको लागि निकट भविष्यमा O & M Survey गरिनेछ ।




## नगर प्रहरी

२०७८ भाद्र १ गतेदेखि नगर प्रहरी नायव निरीक्षक -१, न.प्र.सहायक निरीक्षक -२, न.प्र. जवान - १०, न.प्र. जवान (भान्छे) - १ गरी जम्मा १४ नगर प्रहरी नियुक्त गरी ३० दिने तालिमपश्चात् महालक्ष्मी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम नगरप्रहरीको काम, कर्तव्य र अधिकारका आधारमा नगर प्रहरी परिचालन गरिएको छ । सो समयावधिबाट नगर क्षेत्रभित्रका अव्यवस्थित पार्किङ्, फुटपाथ अतिक्रमण र ठेला गाडाबाट सडकमा गरिने व्यपारहरूमा उल्लेखनीय रूपमा कमी आएको छ ।

# नगर शिक्षक

संविधानले माध्यामिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय नियकायलाई तोकेको छ । नगरपालिकाले शिक्षालाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा लिएको छ। त्यसैले विद्यालय उमेरका सबै बालबालिकालाई गुणस्तरीय अनिवार्य आधारभूत शिक्षा प्रदान गर्ने दायित्व पूरा गर्न चालु आ.व.मा ५ वटा नगर शिक्षकको दरबन्दी राखेको छ । आगामी शैक्षिक सत्रदेखि कार्यविधिका आधारमा नगर शिक्षक नियुक्ति गरिने योजना रहेको छ ।


# न्यायिक समिति र न्याय सम्पादन





नेपालको संविधानको धारा २१७ मा कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ४६ मा रहेको न्यायिक समितिको व्यवस्था अनुसार यस नगरपालिकामा नगर उपप्रमुख श्री निर्मला थापाज्यूको संयोजकत्वमा ९ नं वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्य श्री वासुदेव शर्मा गौतम र कार्यपालिका सदस्य श्री गंगा दहाल सदस्य रहनुभएको तीन सदस्यीय न्यायिक समिति गठन गरी न्यायिक इजलासको व्यवस्थाका साथ न्यायिक कार्यसम्पादन हुँदै आएका छन् । न्यायिक समितिबाट हालसम्म सम्पादित कार्यहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

# न्यायिक समितिबाट सम्पादित कार्यहरुको प्रगति

| | | आ.व २०७४/०७५ | | | आ.व. २०७५/०७६ | | | आ.व. २०७५/०७६ | | | आ.व. २०७६/०७७ | | | आ.व. २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | मुद्दाको प्रकृति | जम्मा दर्ता | फछ्यौंट | प्रक्रियामा रहेको | जम्मा दर्ता | फछ्यौंट | प्रक्रियामा रहेको | जम्मा दर्ता | फछ्यौंट | प्रक्रियामा रहेको | जम्मा दर्ता | फछ्यौंट | प्रक्रियामा रहेको | जम्मा दर्ता | फछ्यौंट | प्रक्रियामा रहेको |
| १ | घरजग्गा सम्बन्धी | ८ | ३ | ५ | २९ | १९ | ११ | ५ | ३ | ५ | १३ | १२ | १ | १२ | ३ | ९ |
| २ | सार्वजनिक सरोकार सम्बन्धी | ५ | ३ | २ | १८ | ९ | ९ | ५ | २ | ३ | १४ | १ | १३ | ६ | १ | ५ |
| ३ | घरेलु हिंसा सम्बन्धी | २ | १ | १ | ४ | ३ | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ४ | घरखाली सम्बन्धी | ५ | ५ | ० | १ | १ | ० | ० | ० | ० | २ | १ | १ | ० | ० | ० |
| ५ | अन्य | ६ | ३ | ३ | ९ | ६ | ३ | ४ | १ | ४ | ४ | ४ | ० | ९ | ० | ९ |
| | **जम्मा** | **२६** | **१५** | **११** | **६१** | **३८** | **२४** | **१५** | **६** | **१३** | **३३** | **१८** | **१५** | **२७** | **४** | **२३** |




## स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन उत्कृष्ट कार्यसम्पादन

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गरी सामयिक सुधार गर्ने उद्देश्यका साथ आ.व २०७६/७७ बाट कार्यान्वयनमा ल्याएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार यस महालक्ष्मी नगरपालिकाले अघिल्लो आ.व बाटै आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दै आएको छ । जस अनुसार यस आ.व. मा ६८.२५ अङ्क हासिल भएको छ । मूल्याङ्कनमा प्राप्त क्षेत्रगत अङ्क निम्नानुसार रहेको छ:



# पूर्वाधार विकास: आर्थिक विकासको आधार

नेपालको १५ औं योजना (२०७६/७७- २०८०/८१) ले उर्जा, यातायात, सञ्चार तथा सूचना प्रविधि, स्थानीय पूर्वाधार, विज्ञान तथा प्रविधि, सहिरी तथा ग्रामीण विकास, आवास तथा बस्ती विकास, भवन निर्माण र पुन निर्माण गरी १० क्षेत्रहरूलाई पूर्वाधारको प्राथमिकताको क्षेत्रमा राखेको छ भने नेपालले आत्मसात् गरेको दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. १३ दिगो सहर र समुदायले सहरहरू तथा मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउनुपर्ने उल्लेख गरेको छ । यस कुरालाई मनन गरी नगर र नगरवासीको समग्र विकासको लागि पूर्वाधार विकास अनिवार्य सर्त हो भन्ने मान्यताका आधारमा नगरपालिकाले आफ्नो स्रोतको आधारमा पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखेको छ ।

साविक इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार गा.वि.स.हरू मिलेर बनेको नयाँ नगरपालिकामा सडक, भवनजस्ता पूर्वाधारहरूको संरचना विकास नभइसकेकोले नगरपालिकाको स्थापनापछि पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको मुख्य लक्ष्य पूर्वाधार विकास रहँदै आएको छ । नीतिगत रूपमा नै विनियोजित बजेटको ८० प्रतिशत पूर्वाधार विकासमा विनियोजन हुँदै आएको छ । उपत्यकाका दुवै महानगरसँग सिमाना जोडिएको र भूगोलको हिसाबले सानो यस नगरपलिकाको पूर्वाधार विकाससँगै स्थानीयवासीको जीवनस्तर उकास्ने गरी आर्थिक विकासको आधार तयार गर्ने उद्देश्यले योजना छनौटमा प्राथमिकीकरण गरिएको छ । विशेषत: पूर्वाधार विकासमा सडक, ढल तथा खानेपानीको सेवा विस्तारलाई पहिलो प्राथमिकता दिइँदै आएको छ ।

पूर्वाधारका क्षेत्रहरूमध्ये हाम्रो नगरको सबै वडाहरूमा सडक सञ्जाल निर्माण, स्तरोन्नति तथा वर्षैभरि यातायात सञ्चालन हुनसक्ने गरी निर्माण गर्न प्राथमिकताका साथ काम भएको छ ।

| सडक पूर्वाधार | इकाई | आ.व. ०७४/७५ | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ हालसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सडक विस्तार तथा टेवा पर्खाल निर्माण | कि.मि | ५.१४ | १२.४९ | १४.५० | १७.५२ | ५.५ | ५५.१५० |
| कालोपत्रे | कि.मि | ३.७४ | ४.३८ | ८. | ४.१ | ३.६ | २३.८२ |
| ग्रावेल | कि.मि | ५.१४ | १२.४९ | १२. | ९.५४ | ८.५ | ४७.६६ |
| ब्लक छाप्ने | कि.मि | १.३३ | १.८२ | २.५ | ६.७५ | ५.५ | १७.९ |
| ढलान | कि.मि | १.३३ | १.८२ | ३.४२ | ६.६४ | ८.५ | २१.७१ |
| ड्रेन/ढल निर्माण | कि.मि | ३.१ | ६.५५ | ७.८९ | ४.८९ | ४.५ | २६.९३ |
| पुल/कल्भर्ट/ ट्रस पुल निर्माण | गोटा | १ | १ | ४ | ७ | ३ | १६ |

चालु आर्थिक वर्षमा उपभोक्ता समितिमार्फत सञ्चालन हुने गरि करिब ५०० योजना सञ्चालनमा रहेका छन् ।

# प्रशासनिक तथा सामुदायिक भवन निर्माण

» वडा नं ६ र ७ को वडा कार्यालय भवन निर्माण सम्पन्न भैसकेको छ । वडा नं २ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ । त्यस्तै वडा नं ३, ५, ८, ९ र १० को वडा कार्यालय भवन निर्माणको ठेक्का निर्माण व्यवसायीसँग सम्झौता भई निर्माणको चरणमा रहेका छन् ।

» वडा नं १ मा अत्याधुनिक बहुउद्देश्यीय भवन निर्माण योजनालाई बहुवर्षीय योजनाको रूपमा कार्यान्वयन गर्ने गरी बोलपत्र आह्वान गरिएको छ ।

» वडा नं १ मा सामुदायिक भवन निर्माण, वडा नं २ मा क्रियापुत्री भवन, ब्रह्मकुमारी राजयोग भवन, वडा नं ३ सामुदायिक भवन निर्माण, वडा नं ६ मा देःछैँ भवन, थसि सामुदायिक स्वास्थ्य चौकी भवन, रेडक्रस भवन, पोथा गुठी, नेमकुल गुठी लगायतका गुठी भवनहरू, वडा नं ७ महिला भवन, क्रियापुत्री भवन, वडा नं ८ मा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन, गुठी भवन, वडा नं १० मा सामुदायिक भवन निर्माण लगायतका भवन निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न भएका छन् ।

» धार्मिक तथा साँस्कृतिक सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनका लागि वडा नं १ मा अन्तर्राष्ट्रिय धार्मिक सङ्ग्रहालय निर्माण, वडा नं ६ मा सिद्धिपुर प्रवेशद्वार निर्माण, न्यूहुः पोखरी निर्माण, बुद्ध विहार स्तरोन्नति, वडा नं ८ मा सुवर्ण छत्रपुर स्तुपा स्तरोन्नति, वडा नं १० मा मानेचैत्य संरक्षण तथा स्तरोन्नति, महालक्ष्मी मन्दिर संरक्षण, टिकेश्वर महादेव मन्दिर संरक्षण, वडा नं २ स्थित भगवानस्थान मन्दिर संरक्षण, भैरवस्थान मन्दिर संरक्षण लगायतका धार्मिक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका योजनाहरू सञ्चालन भएका छन् ।





# सडक निर्माण तथा विस्तार

» सङ्घ तथा प्रदेश सरकारसँगको सहलगानीमा राधाकृष्णमार्ग - सुन्दरमार्ग, कृष्ण मन्दिर - गोदावरी खोला सडक, लुभु गोदावरी खोला - माथिल्लो चौतारा सडक, बोझेपोखरी सडक, टिकाथली वडा कार्यालयदेखि मोतीचोक जोड्ने सडक, लुभु-ज्यागटा सडक, लुभु-महालक्ष्मी क्याम्पसबाट पौडेल टोल हुँदै सिरूटार जोड्ने सडक, टिकाथली भिमसेन मार्गदेखि चाङ्गाथली मूल सडक जोड्ने सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

» महालक्ष्मी नगर र भक्तपुर जोड्ने मुख्य सडकका रूपमा रहेको कृष्ण मन्दिर - गोदावरी खोला सडकको मापदण्ड अनुसारको (१० मीटर) सडक विस्तार दुई चरणमा सम्पन्न गरी तेस्रो चरणमा कालोपत्रे गर्ने गरी निर्माण कार्य जारी रहेको छ । उक्त सडकले इमाडोल, टिकाथली, चाङ्गाथली क्षेत्रका स्थानीयवासीहरूको दैनिक जीवनलाई सहज बनाएको छ । उक्त सडकखण्डको गोदावरी खोलामा पक्की पुल निर्माण भई सञ्चालनमा समेत आइसकेको छ ।

» नगरपालिकाको मुख्य सडकका रूपमा रहेको ग्वार्को-ढुङ्गिन हुँदै मानेदोभान सडकसँग जोडिएका र छिमेकी नगरपालिकाहरूसँग जोडिने मुख्य सडकहरूः बाहुनधारा-हात्तीवन सडक, इमाडोल प्रहरी चौकी-वचु हाइट-सीतापाखा, कृष्ण मन्दिर - बोझेपोखरी हुँदै हनुमन्ते खोलासम्मको सडक, भीमसेन



मार्ग - पन्चदेव मार्ग सडक, मोतीचोक सडक, सिद्धिपुर ठैव सडक, स्कुलचोक - विष्णुडोल-शत्तदेवी सडक, छ दोबाटो - चारघरे सडक, लुभु - तल्लो चौताराबाट चाङ्गाथली हुँदै बालकोट जोड्ने सडक, महालक्ष्मी क्याम्पसदेखि पौडेलगाउँ हुँदै भक्तपुर जोड्ने सडक, लुभु - ज्यागटा सडक, लाकुरीभञ्ज्याङदेखि मनमोहन पार्क टावरहुँदै गोदावरी जाने सडकहरू मापदण्ड अनुरूप सडकविस्तार तथा स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेका छन् ।

» नगरभित्रका अन्य सडकहरूः बालकुमारी खरिबोट देखि बोझेपोखरी हुँदै चिल्ड्रेन गार्डेन स्कुलसम्मको सडक, सीतापाखा चोकदेखि १ नं धारासम्म सडक, समावेशी मार्ग सडक टिकाथली, भिमशेनमार्ग - गोदावरी खोला नारायणी स्कुलहुँदै न्याउराको दोबाटोसम्म सडक, लुभु गोदावरी खोलादेखि लुभु मा.विसम्म सडक, लुभु-विष्णुडोल सडक विस्तार, लुभु-डाँडाथोक, नारायण डाँडा सडक लाकुरीभञ्ज्याङ लागायतका सडकहरू विस्तार तथा स्तरोन्नति गर्ने काम भइरहेका छन् ।

» नगरभित्रका अन्य भित्री सडकहरू मापदण्ड अनुसार विस्तार गरी स्तरोन्नति गर्ने कार्य स्थानीय उपभोक्त समितिहरूमार्फत लागतसाझेदारीमा विशेषतः ढलान, ढुङ्गा छाप्ने, ब्लक छाप्ने, ग्राभेल, टेवा पर्खाल निर्माण, ढल विस्तार लगायतका कामहरू भएका छन् ।



# खानेपानी




*नगर प्रमुख श्री रामेश्वर श्रेष्ठज्यू, KUKL का प्रमुख कार्यकारी अधिकृत श्री मिलन शाक्य, कम्पनी सचिव श्री दिपेन्द्र ओली र HR प्रमुख श्री योगेन्द्र बमको उपस्थितिमा महालक्ष्मी नगरपालिका क्षेत्रभित्र मेलम्ची खानेपानी आयोजना विस्तार एवम् ढल व्यवस्थापन गर्ने सम्बन्धमा छलफल कार्यक्रम*

नगरपालिकाको मुख्य समस्याको रूपमा रहेको खानेपानी समस्यालाई समाधान गर्नका लागि नगरपालिकाको पहलमा विभिन्न निकायहरूसँगको समन्वयमा सेवा विस्तारको कार्य भइरहेको छ । जसअन्तर्गत मेलम्चीको कार्यक्षेत्र बनाई इमाडोल तथा टिकाथलीमा खानेपानी सेवा विस्तारको लागि विस्तृत सर्भे कार्य भइसकेको छ । पाइपलाइन विस्तारको लागि सहायताको लागि अर्थ मन्त्रालयमा फाइल पुगिसकेको र वडा नं ६ देखि १० सम्म मेलम्चीको पानी पुर्याउनको लागि सर्भेर DPR तयार गर्नको लागि पत्राचार भै Consultancy छनौटको लागि अगाडि बढी सकेको छ । इमाडोल खानेपानीको लागि सहलगानीको योजना हुने र टेन्डर आह्वान भई सोका लागि सम्झौताको अन्तिम चरणमा पुगिसकेको छ ।

सङ्घीय सरकारसँगको लागत साझेदारी कार्यक्रममार्फत इमाडोल खानेपानी आयोजनाको विस्तृत योजना प्रतिवेदन तयार गरी टेन्डर प्रक्रियाको अन्तिम चरणमा रहेको छ । खानेपानीको वैकल्पिक स्रोत व्यवस्थापनको लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा नगर भित्रका विभिन्न १६ स्थानमा भूमिगत खानेपानीको अवस्था सम्बन्धी अध्ययन तथा लाकुरीभञ्ज्याङ क्षेत्रको सतही पानी तथा बर्सातको पानी सङ्कलन गर्ने सम्बन्धमा समेत सम्भाव्यता अध्ययन कार्य भइरहेको छ । नगरको आन्तरिक स्रोत परिचालन गर्नुका साथै अन्य निकायसँगको सहकार्यमा हरेक वडामा निम्नानुसारका खानेपानी व्यवस्थापन तथा सेवा विस्तारको कार्य भइरहेको छ ।

पाइपलाइन विस्तारको लागि सहयोगको लागि अर्थ मन्त्रालयमा फाइल पुगेको र वडा नं ६ देखि १० सम्म मेलम्चीको पानी पुर्याउनको लागि समेत DPR तयार गर्नको लागि पत्राचार भई Consultancy छनोट कार्य अघि बढेको छ ।

इमाडोल खानेपानीको लागि सहलगानीको योजनाको टेन्डर आह्वान भई सम्झौताको अन्तिम चरणमा रहेको छ ।

# खानेपानीको विवरण

| वडा नं | खानेपानी सम्बन्धी सञ्चालित योजना विवरण |
|---|---|
| १ | खानेपानी ट्याङ्की निर्माण तथा पाइपलाइन विस्तारको काम भइरहेको |
| २ | भोजेपोखरी खानेपानी ट्याङ्की निर्माण तथा पाइपलाइन विस्तार, गनओपी खानेपानी आयोजना, नवदिप खानेपानी आयोजनाअन्तर्गत ओभर हेड खानेपानी ट्याङ्की निर्माण, डिप बोरिङ, फिल्टर प्लान्ट्सहित पाइपलाइन विस्तारको काम भइरहेको |
| ३ | बोझेपोखरी खानेपानी आयोजनामार्फत डिप बोरिङ, ओभर हेड खानेपानी ट्याङ्की निर्माण, फिल्टर प्लान्ट जडानसहित करिब ३० कि .मि . पाइपलाइन विस्तारको कार्य सम्पन्न भई हाल खानेपानीको परीक्षण कार्य भइरहेको |
| ४ | सितापाखा खानेपानी ट्याङ्की निर्माण तथा पाइपलाइन विस्तार, आनन्द निरङ्कारी खानेपानी आयोजना मार्फत डिप बोरिङ तथा पाइपलाइन स्तरोन्नति, इमाडोल खानेपानी आयोजनाको ट्याङ्की तथा पाइपलाइन मर्मत, मुहान संरक्षण, कमलपोखरी खानेपानी आयोजनामा समेत बजेट विनियोजन गरी निर्माण कार्य भइरहेको |
| ५ | राधाकृष्ण खानेपानी आयोजना तथा टिकाथली खानेपानी आयोजनामार्फत सञ्चालित खानेपानी योजनाहरूको पाइपलाइन मर्मत तथा विस्तार, मुहान मर्मतसहित स्तरोन्नति कार्य भइरहेको |
| ६ | सिद्धिपुर खानेपानी आयोजना अन्तर्गत खानेपानी ट्याङ्की निर्माण, Slow sand filter ट्याङ्की निर्माण, मुहान संरक्षण, पाइपलाइन विस्तार |
| ७ | चाङ्गाथली खानेपानी आयोजनामार्फत सञ्चालित खानेपानी योजनाको पाइपलाइन मर्मत तथा विस्तारसहित सरसफाइ गर्ने, Treatment Plant निर्माण कार्य भइरहेको |
| ८ | लुभु तल्लो दोभान खानेपानी तथा सरसफाइ आयोजनामार्फत खानेपानी ट्याङ्की निर्माण, सभाहल निर्माण, डिप बोरिङ, प्रेसर फिल्टर प्लान्ट जडान, पाइपलाइन विस्तारलगायतका पूर्वाधार निर्माणको काम सम्पन्न भएको छ ।<br><br>विष्णुडोल खानेपानी आयोजनामार्फत पाइपलाइन विस्तार, डिप बोरिङ, प्रेसर फिल्टर लगायतका संरचना निर्माणको काम भइसकेको छ ।<br><br>शङ्खादेवी खानेपानी आयोजनामार्फत खानेपानी ट्याङ्की निर्माण, पाइपलाइन विस्तार, खानेपानी आयोजनाको भवन निर्माण लगायतका निर्माण कार्यमा आवश्यक सहजीकरण गरिएको छ।<br><br>चसिडोल खानेपानी आयोजनाको पाइपलाइन विस्तार तथा चापाखर्क खानेपानी मुहान संरक्षण तथा पाइपलाइन मर्मत तथा विस्तार कार्य भइरहेको |

| | |
|---|---|
| ९ | ज्यागटा आरुबोट खानेपानी आयोजनाको डिप बोरिङ निर्माण, खानेपानी ट्याङ्की निर्माण, पाइपलाइन विस्तार, फिल्टर प्लान्ट जडान तथा कार्यालय भवनसहितका पूर्वाधार निर्माण गरी आयोजना सम्पन्न भई खानेपानी सेवा सुचारू गरिएको छ।<br><br>सशाम्भु ठूलाघर खानेपानी आयोजनामार्फत खानेपानी ट्याङ्की निर्माण, डिप बोरिङ, पाइपलाइन विस्तार कार्य सम्पन्न गरी खानेपानी सेवा सुचारू गरिएको छ।<br><br>धाराचौर खानेपानी आयोजनामार्फत पाइपलाइन विस्तारसहित पूर्वाधारहरूको स्तरोन्नति गरी खानेपानी सेवा विस्तारमा सहजीकरण गरिएको छ। |
| १० | लिफ्टिङ प्रविधिसहितको लाकुरीभञ्ज्याङ् खानेपानी आयोजनाको खानेपानी ट्याङ्की निर्माण तथा पाइपलाइन विस्तार गरी खानेपानी पूर्वाधार निर्माणको काम सञ्चालनमा रहेको छ। |

# नगर प्रमुखज्यूको विशेष पहलमा प्राप्त सहकार्य र सहयोग

नगर प्रमुखज्यूको पहलमा, विभिन्न निकायबाट अध्ययन अनुसन्धान भई, योजना कार्यान्वयनको लागि पहल भैरहेको योजनाहरू ।

| | |
|---|---|
| १ | इमाडोल तथा टिकाथलीलाई मेलम्चीको कार्यक्षेत्र बनाई खानेपानी सेवा विस्तारको लागि विस्तृत सर्भे भैसकेको । |
| २ | Intigrated Urban Development Plan ( IUDP ) प्रोजेक्टअन्तर्गत महालक्ष्मी नगरपालिका छनोट भई विस्तृत अध्ययन भैसकेको । |
| ३ | गोदावरी खोला करिडोर विस्तार, करिडोर क्षेत्रमा Land Pooling को सम्भावनाको लागि विभिन्न निकायबाट अध्ययन भई योजना प्रतिवेदन तयार गरेको । |
| ४ | ढुङगीन बसपार्क निर्माणको लागि अध्ययन भैसकेको । |
| ५ | नगरपालिकाको विभिन्न स्थानमा भूमिगत खानेपानीको अवस्था अध्ययन भई विभिन्न १७ स्थानमा डिप बोरिङ्ग गर्ने सम्बन्धमा अध्ययन भैसकेको । |
| ६ | लाकुरीभन्ज्याङ्ग क्षेत्रमा Surface Water तथा Ground Water को उपयोग गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन भएको । |
| ७ | लुभु तथा सानागाँउ क्षेत्रलाई, सम्पदा क्षेत्रको रूपमा विकास गर्न लुमन्ती लगायतका संस्थाको सहकार्यमा अध्ययन भैसकेको । |
| ८ | मनमोहन पार्क, गणेशमान पार्क तथा श्रृङगऋषि गुफालाई जोड्ने गरी पैदलमार्गको विस्तार गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन भएको । |

नगर प्रमुखज्यूको पहलमा, विभिन्न निकायबाट बजेट विनियोजन भई सञ्चालन भैसकेका तथा प्रक्रियामा रहेका योजनाहरू

| | |
|---|---|
| १ | कृष्ण मन्दिर - ढुङगीन सडक विस्तार तथा कालोपत्रे ( सम्पन्न भैसकेको ) । |
| २ | ढुङगीन- लाकुरीभन्ज्याङ्ग - मानेदोभान सडक स्तरोन्नति तथा कालोपत्रे ( जारी रहेको ) । |
| ३ | गोदावरी खोला करिडोर निर्माणको विस्तृत योजना प्रतिवेदन तयार भई कार्यान्वयनको चरणमा रहेको । |
| ४ | कर्मनासा खोला करिडोर निर्माणको लागि सिमाङ्कन तथा विस्तारको काम सुरू भएको । |
| ५ | बोझेपोखरी खानेपानी ट्याङ्की निर्माण तथा पाइपलाइन विस्तारको कार्य सम्पन्न भैसकेको तथा बोझेपोखरी व्यवस्थापनको लागि ४ करोड ५० लाखको टेण्डर भैसकेको । |
| ६ | नवदिप खानेपानी ट्याङ्की निर्माण कार्य सम्पन्न भैसकेको । |
| ७ | सानागाँउ ( स्कुल चोक ) देखि विसुन्डोल शङ्खादेवी सडक विस्तारसहित कालोपत्रे योजना जारी रहेको । |
| ८ | गोदावरी खोलामा ३ वटा पुल निर्माण सम्पन्न भएको तथा २ ओटा निर्माणको प्रक्रियामा रहेको |
| ९ | कर्मनासा तथा हनुमन्ते खोला करिडोर बाट नगरपालिका प्रवेश गर्ने नाकामा ३ ओटा पुल निर्माण सम्पन्न भैसकेको र ३ ओटा पुल निर्माणको क्रममा रहेको । |
| १० | हनुमन्ते खोला करिडोर निर्माणको काम जारी रहेको । |

# महालक्ष्मी नगरः उज्यालो सहर

ऊर्जा नगर विकास पूर्वाधारको महत्वपूर्ण क्षेत्र हो । नेपालको १५ औँ योजना (२०७६/७७- २०८०/८१) ले गुणस्तरयुक्त, भरपर्दो, सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत् सेवाको पहुँचमा विस्तार गरी विद्युत् खपतमा वृद्धि गर्ने उद्देश्य राखेको छ भने, दिगो विकास लक्ष्यहरूको लक्ष्य नं. ७ मा रहेको स्वच्छ ऊर्जामा सहज पहुँच अनुसार धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने कुरामा नेपालको प्रतिबद्धता पूरा गर्ने काममा टेवा पुर्याउने गरी ऊर्जा क्षेत्रमा प्राथमिकताका साथ काम भएको छ ।

नगरपालिकाबाट विनियोजन भइसकेकाले स्मार्ट सडक बत्ती जडान कार्य यसै आ.व.मा सम्पन्न भई महालक्ष्मी नगर उज्यालो सहर हुने विश्वास लिइएको छ ।

» ग्वार्कोदेखि कृष्ण मन्दिरसम्म सडक बत्ती जडान कार्य सम्पन्न भएको छ ।
» चाङ्गाथली मुख्य सडकमा सडक बत्ती जडान गरिएको छ ।
» यति आवास वस्तीभित्र वडास्तरीय योजना अन्तर्गत सडक बत्ती जडान कार्य सम्पन्न भएको छ ।
» वडा नं २ को मुख्य सडकहरूमा सडक बत्ती जडान गर्ने प्रक्रियमा रहेको छ ।

# पर्यटन पूर्वाधारः विकासको आधार



आर्थिक विकासको महत्वपूर्ण क्षेत्र पर्यटन हो । नेपालको सन्दर्भमा पर्यटनको क्षेत्रको विकास विना समुन्नत नेपालको परिकल्पन असम्भव छ । नेपालको १५ औँ योजना (२०७६/७७- २०८०/८१) ले नेपाललाई एक आकर्षक, सुरक्षित, र मनोरम पर्यटकिय गन्तव्य बनाउने सोचका साथ विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य लिएको छ । उक्त सोच र लक्ष्यलाई आत्मसाथ गर्दै पर्यटकीय लाभलाई समन्यायिक रुपले जनस्तरमा पुर्याउने उद्देश्य पूरा गर्ने गरी योजनबध्द तरिकाले नगरपालिका लागि परेको छ ।

नगर विकासका लागि पर्यटन पूर्वाधारको महत्वपूर्ण भूमिका रहने हुँदा नगरक्षेत्र भित्रका ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्वका धरोहरहरूको निरन्तर सम्बर्द्धन तथा संरक्षण गरिँदै आएको छ । त्यसैगरी वडा नं १० लाँकुरी भञ्ज्याङलाई उपत्यकाको नै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यका साथ मनमोहन स्मृति टावर र स्मृति पार्क निर्माणको योजना कार्यान्वयन भईरहेको छ जसअन्तर्गत मनमोहन स्मृति टावरको निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने स्मृति पार्कको लागि ठेक्का सम्झौता भई निर्माण कार्य सुरू हुने अवस्थामा रहेको छ ।

ललितपुरको उत्तर पूर्वी भागमा अवस्थित बोझेपोखरी यस क्षेत्रकै ठूलो पोखरीको रूपमा परिचित छ । अव्यवस्थित रूपमा रहेको उक्त पोखरीलाई नगरपालिकाको अगुवाईमा संरक्षण गरिएको साथै काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग सहकार्य गरी सौन्दर्यीकरणको कार्य जारी रहेको छ ।

» महालक्ष्मी नगरपालिका वडा नं ९ मा अवस्थित गणेशमान पार्क, भैरवस्थान पार्क, वडा नं १० स्थित माने चैत्य, श्रृङ्गेरी गुफा लगायतका पर्यटकीय गन्तवहरूको संरक्षण, सम्बर्द्धन तथा पूर्वाधार विकासको कामहरू निरन्तर रूपमा गर्दै आइएको छ ।

» महालक्ष्मी नगरपालिका क्षेत्रभित्र वडा नं ८ स्थित लुभु र वडा नं ६ स्थित सिद्धिपुरलाई सम्पदा वस्तीका रूपमा विकास गर्नका लागि नीतिगत रूपमा विशेष प्राथमिकता दिइएको छ । उक्त क्षेत्रभित्र निर्माण भएका सार्वजनिक भवनहरूलाई मौलिकता कायम रहने गरी निर्माण गरिएको

छ भने परम्परागत शैलीमा निर्माण हुने निजी भवनहरूको नक्सा पासका सन्दर्भमा नगरपालिकाले विशेष छुटको व्यवस्था गरेको छ ।

» लुभु र सिद्धिपुर सम्पदा बस्ती क्षेत्रमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था UN Habitat को सहयोग र गैरसरकारी संस्था Lumanti सँगको सहकार्यमा Heritage Recovery एबिल तयार गरी संरचना निर्माण भएको छ । Ecocity Builders सँगको सहकार्यमा Ecocity निर्माणका लागि अध्ययन भएको छ ।

» (पैदल मार्ग थप्ने -data from Manish jee)

» नगर क्षेत्रभित्र वडा नं ९ सिस्नेरी देखि वडा नं १० लाकुरी भञ्ज्याङ्गसम्मको ५ कि.मी लामो Cycling Track निर्माण कार्यका लागि सरोकारवालाहरूसँग छलफल गरी निर्माण कार्य अघि बढाइएको छ ।

## महालक्ष्मी नगरपालिकाबाट ठेक्का प्रक्रियामार्फत कालोपत्रे हुँदै गरेको योजना विवरण

| सि.नं. | ठेक्काको नाम | जम्मा कालोपत्रे मिटर | कैफियत |
|---|---|---|---|
| 1 | सुन्दर मार्ग राधा कृष्ण मार्ग | २००० | |
| 2 | कृष्ण मन्दिर - ०५ नं. वडा कार्यालय हुँदै गोदावरी खोला सडक | २००० | |
| 3 | बोझेपोखरी सडक निर्माण | ९०० | |
| 4 | सितापाखा धाराचोक-वचु अमृतचोक सुर्यदय स्कुल हुँदै गोपीकृष्ण चोक सितापाखासम्म पीच कार्य स्तरोन्नती वडा नं ०४ | ९०० | |
| 5 | चिल्ड्रेन गार्डेन स्कुलबाट बोझेपोखरी मार्ग स्तरोन्नती कालोपत्रे वडा नं ०३ | ५०० | |
| 6 | युनाईटेड स्कुलचोक देखी हात्रीवन जाने सडक स्तरोन्नती वडा नं ०१ | १२०० | |
| 7 | युनाइटेड कोलोनिबाट चांगाथलीसम्म सडक जाने बाटो कालोपत्रे | ९०० | |
| 8 | समावेशी मार्ग तथा सिदेश्वर मार्ग कालोपत्रे वडा नं ०५ | ६०० | |
| 9 | न्याउरा दोबाटाबाट नारायण आधारभूत विघालय हुदै पञ्चकन्या सडक | ४०० | |
| 10 | विष्णुडोल चोकदेखि लुभु खोला पुल सम्म कालोपत्र | २५० | |
| 11 | प्राणनाथ टोल सडक | ३०० | |
| 12 | भिमसेन मार्गबाट सोफा कारखाना - गोदावरी खोला - बुद्ध बिहार हुँदै चाँगाथली मुल सडक जोड्ने सडक निर्माण | ६०० | |
| 13 | महालक्ष्मी क्याम्पस देखि पौडेल गाँउ जोड्ने सडक | ७०० | |
| 14 | बुद्धपार्टी पालेस देखि पवन प्रकृति स्कुल सम्मको सडक स्तरोन्नती | ८०० | |
| 15 | जागरण मार्ग सडक कालोपत्रे | ३०० | |
| 16 | लुभु महालक्ष्मी स्कुल देखि डाडाथोक र लुभु महालक्ष्मी स्कुल देखि ज्यागता जाने सडक निर्माण | १७०० | |
| 17 | ललितेश्वर (डट्टी डोल ) सडक | ४५० | |
| 18 | गोदावरी खोलादेखि चाङ्गाथली क्लब सँग सडक कालोपत्रे | ८०० | |
| 19 | अमनटोल लिलानगरकोटीको घरदेखि प्रिय थापाको फर्निचर सम्मको बाटो | ३०० | |
| 20 | रातामकै चोक देखि पिपलबोट सडक | ४०० | |
| | | १६,००० मिटर | |

# शैक्षिक हब र गुणस्तर सुधारका लागि शिक्षामा लगानी

नेपालको संविधानको भाग ३ धारा ३१ मा शिक्षासम्बन्धी हकमा आधारभूत तहसम्म अनिवार्य र निशुल्क, माध्यामिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरेको छ । त्यसैगरी धारा ३२ मा भाषा तथा संस्कृतिको हकमा आफ्नो भाषाको प्रयोग, संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने गरी मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी १५ औं योजना (२०७६/७७- २०८०/८१) ले सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोच र सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ । उक्त सोच र लक्ष्य पूरा गर्न ५ वटा उद्देश्य र १३ वटा रणनीति तय गरेको छ । जस अनुसार १५ वर्षमाथिको साक्षरता प्रतिशत ९५ प्रतिशत पुर्याउने, युवा साक्षरता दर ९९ प्रतिशत पुर्याउने, आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९१ प्रतिशत पुर्याउने माध्यामिक तह ९-१२ को खुद भर्नादर १५ प्रतिशत पुर्याउने र उच्च शिक्षामा कुल भर्नादर १०० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ गुणस्तरीय शिक्षाले सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्दै समावेशी, न्यायोचित र गुणात्मक शिक्षाको सुनिश्चितता गर्नेकुरामा नेपाल सरकारको प्रतिवध्दता रहेको छ । विद्यालय क्षेत्र विकास योजना सन् (२०१६/०१७-२०२२/०२३) ले राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्याउनु रहेको छ । यस योजनाले मुख्यत समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन, उत्थानशीलता गरी ५ वटा अवयव तय गरेको छ । कार्यक्रमका हिसाबले आधारभूत शिक्षा, माध्यामिक शिक्षा, साक्षरता र जीवन पर्यन्त सिकाइ मुख्य कार्यक्रम र अन्तरसम्बन्धित विषयहरूमा शिक्षकको पेसागत विकास तथा व्यवस्थापन, सञ्चालन तथा व्यवस्थापन, संस्थागत क्षमताको विकास, अनुगमन तथा मूल्याङ्कन, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, परीक्षा तथा मूल्याङ्कन, विपद जोखिम न्यूनीकरण र पुनर्लाभ, स्वास्थ्य र पोषण रहेको छ । उल्लिखित नीति कार्यकक्रम तथा उद्देश्य पूरा गर्न र यस नगरपालिकाले तय गरेको "स्वच्छ, सफा, समृद्ध, सुन्दर महालक्ष्मी नगर"को सपना पूरा गर्न यस नगरलाई शैक्षिक हब बनाउने नीति तथा कार्यक्रम तय गरी आवश्यक ऐन नियम निर्माण गरी महत्वपूर्ण कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

## शैक्षिक अवस्था


**शिक्षण संस्थाहरूको सङ्ख्यात्मक विवरण :**

**विद्यालय तहको आधारमा**

| क्र. स. | प्रकार | जम्मा | प्रारम्भिक बाल विकास कक्षा | आधारभूत | आधारभूत | माध्यमिक | मध्यमिक |
|---|---|---|---|---|---|---|---|
| | | | | १–५ | १–८ | १–१० | १–१२ |
| १ | सामुदायिक विद्यालय | १५ | २८ | १ | ३ | ५ | ६ |
| २ | गुठीद्वारा सञ्चालित विद्यालय | ४ | ० | ० | ० | १ | ३ |
| ३ | संस्थागत विद्यालय | ३७ | ० | ७ | २ | २६ | २ |
| | जम्मा विद्यालय | ५६ | २८ | ८ | ५ | ३२ | ११ |

**वडागत विद्यालय वितरण अवस्था**


| क्र. स. | विद्यालयको किसिम | वडा नं | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | सामुदायिक विद्यालयहरु | ० | १ | ० | २ | १ | २ | १ | २ | ४ | २ | १५ |
| २ | गुठीद्वारा सञ्चालित विद्यालयहरु | ० | ० | ० | ० | ० | १ | ० | ३ | ० | ० | ४ |
| ३ | संस्थागत विद्यालयहरु | ७ | ४ | २ | ७ | ४ | ५ | १ | ५ | ४ | ० | ३७ |
| | जम्मा विद्यालयहरु | ७ | ५ | २ | ९ | ५ | ८ | २ | १० | ८ | २ | ५६ |




| | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Year | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 2074 | 2605 | 2674 | 5279 | 5414 | 6739 | 12153 | 8019 | 9413 | 17432 |
| 2075 | 2636 | 2641 | 5277 | 6414 | 8003 | 14417 | 9050 | 10644 | 19694 |
| 2076 | 2837 | 2856 | 5693 | 7281 | 9079 | 16360 | 10118 | 11935 | 22053 |
| 2077 | 2867 | 2912 | 5779 | 7089 | 8743 | 15832 | 9956 | 11655 | 21611 |
| 2078 | 2784 | 2832 | 5616 | 7093 | 8536 | 15629 | 9877 | 11368 | 21245 |


## कक्षा ८ को सिकाइ उपलब्धि विवरण

| शैक्षिक वर्ष | सामुदायिक | संस्थागत |
|---|---|---|
| २०७५ | ४९ .७ | ६२ .७ |
| २०७६ | ५२ .८ | ६५ .६ |
| २०७७ | ६२ .५ | ७१ .८ |





## SEE परीक्षा २०७५ – २०७७ (समुदायिक विद्यालय)

| शैक्षिक वर्ष | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| GPA | | | |
| 3 .6-4 .0 | १० | ३६ | ४३ |
| 3 .2-3 .6 | ४३ | ४७ | ८४ |
| 2 .8-3 .2 | ८७ | ५१ | १२५ |
| 2 .4-2 .8 | ७९ | ६१ | ७१ |
| 2 .0-2 .4 | ५१ | ७१ | ४९ |
| 1 .6-2 .0 | ११ | १३ | ० |
| 1 .2-1 .6 | ३ | ० | ० |
| 0 .8-1 .2 | ० | ० | ० |
| 0 .8< | ० | ० | ० |
| जम्मा विद्यार्थी सङ्ख्या | २८४ | २७९ | ३७२ |




## भौतिक पूर्वाधार

| विवरण | सामुदायिक विद्यालय | संस्थागत | जम्मा |
|---|---|---|---|
| विज्ञान प्रयोगशाला | ८ | २९ | ३७ |
| ICT प्रयोगशाला | १० | २१ | ३१ |
| विद्यालय बस | १ | ११५ | ११६ |
| वेव पोर्टल | १ | 7 | ८ |
| इन्टरनेट सुविधा | ११ | ३६ | ४७ |
| कक्षा कोठामा ICT प्रयोगशाला | ३ | १७ | २० |



# फोटो ग्यालरी



कर्मनाशा खोलामा रहेको ग्वार्को पुल दायाँ बाँया पैदल यात्रीको लागि बनाइएको ट्रस पुल उद्घाटन गर्नुहुँदै नगर प्रमुखज्यू



गोदावरी खोला पुल निर्माणको निरीक्षण



पञ्चदेव मार्ग सडक कालोपत्रे योजना अनुगमन



महालक्ष्मी नगरपालिकासहित ललितपुर जिल्लाका विभिन्न भागमा खानेपानी व्यवस्थापनको लागि मकवानपुरको खोला निरीक्षणको क्रममा



वडा नं ९ का विभिन्न टोल विकास समितिहरूलाई डस्टविन वितरण कार्यक्रम



५ नं वडा कार्यालय शिलान्यास कार्यक्रम, २०७८ फागनु १२



६ नं वडा कार्यालय भवन उद्घाटन कार्यक्रम २०७८ फागुन १७



७ नं वडा कार्यालय भवन उद्घाटन कार्यक्रम २०७८ माघ २८ गते



Sealed Septic Tank Design सम्बन्धी तालिम - २०७७ चैत ३




कोभिड १९ का विरामीहरूका लागि नि:शुल्क एम्बुलेन्स सेवा
२०७७ आश्विन १६ देखि निरन्तर



खाद्य हरियाली सहर तर्फको वृक्षारोपण कार्यक्रम २०७८ भाद्र ०८




चाङ्गाथली बालकोट सडकमा पर्ने ढुङग्री खोला माथिको कल्भर्ट
निर्माण कार्यको शिलान्यास २०७८ चैत ०७ गते



ज्येष्ठ नागरिक सम्मान तथा स्वास्थ्य सेवा शुभारम्भ कार्यक्रम, २०७८ असोज १४ गते



नगर प्रहरीहरूका लागि ३० दिने आधारभूत तालिमा शुभारम्भ
कार्यक्रम २०७८ भाद्र १



नगरप्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम अन्तरगत छनौट भएका २५ जना उद्यमीहरूलाई निर्ब्याजी बिउ पुँजी हस्तान्नतरण कार्यक्रम, २०७८ आषाढ ११




नगरस्तरीय खुल्ला कविता प्रतियोगिता (माध्यमिक तह)
२०७८ कात्तिक १६ गते




प्राथमिक तह (कक्षा १-३) मा शिक्षण गर्ने शिक्षकहरुका लागि खेल विधिमा आधारित २० दिने तालिम अन्तर्गत पहिलो चरणको ५ दिने कार्यशाला, २०७७ चैत १८ देखि २७



मनमोहन पार्क शिलान्यास कार्यक्रम, २०७८ फागुन २३ गते





**महालक्ष्मी नगरक्षेत्रभित्र बस्ने १८ वर्षभन्दा माथिका नागरिकहरूलाई कोभिड १९ विरुद्धको खोप अभियान**




**महालक्ष्मी नगरपालिकाको एघारौं नगरसभा, २०७८ पौष २०**

# मुख्य मुख्य क्रियाकलापहरु र असल अभ्यास

### क. विद्यालय तहमा प्रयोगात्मक परीक्षा तथा परियोजनामा आधारित सिकाइ पद्धति सञ्चालन निर्देशिका जारी गरी कार्यान्वयन:



एक्काइसौं शताब्दीको डिजिटल युगमा हाम्रा विद्यार्थीहरू विषयगत सैद्धान्तिक ज्ञानमा मात्र निपूर्ण भएर पुग्दैन, उनीहरू जिज्ञासु, रचनात्मक, आलोचनात्मक चेतना भएका, समूहमा काम गर्न सक्ने, नवप्रवर्तनात्मक क्षमता भएका हुनुपर्दछ । तब मात्र उनीहरूले व्यक्ति परिवार समाज, राष्ट्र र अर्थतन्त्रमा मूल्य सिर्जना गर्न सक्षम हुन्छन् । सिकाइलाई व्यवहार परिवर्तनसँग दैनिक जीवनका समस्या समाधानतर्फ र विद्यार्थीले प्रयोग गरेर आफैं सिद्धान्त निर्माण गर्न सक्ने क्षमता वृद्धि गराउन हरेक विषयवस्तुलाई परियोजनामा आधारित बनाई प्रयोगात्मक तवरबाट शिक्षण गर्नुपर्ने तथ्यलाई संस्थागत गर्न विद्यालय तहमा प्रयोगात्मक परीक्षा तथा परियोजनामा आधारित सिकाइ पद्धति सञ्चालन निर्देशिका, २०७६ जारी गरी कार्यान्वयमा ल्याइएको छ ।

### ख. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हामी र हाम्रो महालक्ष्मी नगरपालिका) र कक्षा १ र ८ को स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन:

ज्ञान र प्रविधिमा आधारित कामको संसार नै अर्थतन्त्रको प्रमुख संवाहक क्षेत्रका रूपमा अगाडि देखा परिरहेको वर्तमान सन्दर्भमा एकातर्फ अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उत्रन सक्ने विषयगत दक्षता आवश्यक पर्दछ भने अर्कातर्फ आफ्नो धरातलीय यथार्थ र सम्भावनाहरूलाई पहिचान गरी त्यसलाई आर्थिक र सामाजिक मूल्यका रूपमा विकास गर्न सक्ने कौशल र सोच आवश्यक पर्दछ । उपरोक्त तथ्यहरूलाई मध्यनजर गरी विद्यार्थीहरूमा आफ्नो स्थानीय संस्कृति,भाषा, ज्ञान, सीप, सम्पदा र आर्थिक सम्भावनाहरूको बोध गराई आफ्नो पहिचान प्राप्त गर्ने अवसरका रूपमा स्थानीय पाठ्यक्रम कक्षा १-८ को विकास गरी उक्त पाठ्यक्रमका आधारमा कक्षा १ र ८ को पाठ्यपुस्तकसमेत निर्माण गरी शैक्षिक सत्र २०७७ बाट कार्यान्वयमा ल्याइएको छ ।

### ग. महालक्ष्मी शैक्षिक सूचना तथा स्थिति प्रतिवेदन २०७८ को प्रकाशन



महालक्ष्मी नगरपालिकाको समग्र शैक्षिक अवस्था झल्किने गरी शैक्षिक स्थिति प्रतिवेदन तथा कार्यक्रम र हालसम्मको प्रगतिसमेत देखिने गरी महालक्ष्मी शैक्षिक सूचना तथा स्थिति प्रतिवेदन २०७८ प्रकाशन गरिएको छ ।

### घ. विद्यालय अनुगमन:

विद्यालयको स्तरोन्नतिका लागि समय समयमा नगरप्रमुख, नगरउपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, प्रमुख शिक्षा अधिकृत सहितको टोलीले विद्यालय अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने गरिएको छ । कोभिड १९ को पहिलो सङ्क्रमणपश्चात् भौतिक रूपमा विद्यालय सञ्चालनका लागि कार्ययोजना पेस गरेका विद्यालयहरूले भौतिक रूपमा विद्यालय सञ्चालन गर्दा अपनाउनु पर्ने मापदण्ड पूरा गरेर नगरेको अनुगमन गरी विद्यालय खोल्न अनुमति दिनका लागि नगर शिक्षा समितिद्वारा स्वास्थ्य सहजीकरण तथा सहयोग समिति निर्माण गरिएको थियो । उक्त समितिले भौतिक रूपमा

विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी सबै विद्यालयहरूले स्वास्थ्यसम्बन्धी मापदण्डको पालनाका सम्बन्धमा अनुगमन गरिएको थियो ।

### ङ. शिक्षकहरूलाई समयानुकूल तालिम/कार्यशाला सञ्चालनः





विद्यालयहरूमा समय सान्दर्भिक नवीनतम प्रविधिको प्रयोग, शिक्षणमा नयाँ नयाँ विषयवस्तुसँग परिचित गराई शिक्षणमा प्रभावकारिता ल्याउन सामुदायिक र गुठी तथा निजी विद्यालयहरूका आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्म विभिन्न तालिम/कार्यशालाहरू सञ्चालन गरिएका छन् ।

### च. प्रअ नेतृत्व क्षमता विकास तालिम सञ्चालनः



शिक्षाको दिगो विकासका लागि विद्यालय तहमा रहेर शिक्षाको नेतृत्व गर्नेहरूको ज्ञान, सीप र व्यवहारमा क्रान्तिकारी परिवर्तन आउनुपर्छ । यसका लागि सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा सबै ४८ वटा संस्थागत तथा गुठीद्वारा सञ्चालित विद्यालयहरूको प्रिन्सिपलहरूलाई हरेक वर्ष नेतृत्व विकास, विद्यालय सञ्चालन, समसामयिक विषयवस्तुहरूमा आमने सामने तथा अनलाइन माध्यमबाट तालिम/कार्यशाला सञ्चालन गरिँदै आएको छ । जसमा र्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विषय विज्ञहरूबाट प्रशिक्षण तथा सहजीकरण हुने गरेको छ ।

### छ. नगरप्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालनः



हरेक बालबालिकाको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि नियमित औपचारिक शिक्षणका साथै अन्य समसामयिक विषयवस्तु, नगरपालिकाका हरेक क्रियाकलापहरू, नगरपालिकाले अन्य क्षेत्र लगायत शिक्षा र बालबालिकाको क्षेत्रमा पुर्‍याएको योगदान र बालबालिकाले नगरप्रमुखसँग राखेको अपेक्षा, नगरको शैक्षिक विकाससँग सम्बन्धित योजना, शैक्षिक संस्था नियमनसम्बन्धी कानून, विद्यार्थीहरूका लागि दिवा खाजा, Sanitary Pad वितरण, नगरको वातावरण र ऐतिहासिक सम्पदा संरक्षणसम्बन्धी नीति, नगरलाई शैक्षिक हब बनाउनका लागि भए गरेका पहलकदमी, जेहेन्दार र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि छात्रवृत्ति, व्यवहारिक र व्यवसायिक शैक्षिक व्यवस्था र रोजगारीमूलक शिक्षा सम्बन्धी योजनाहरू, नगरपालिकाको कोभिड- १९ रोकथाम तथा नियन्त्रण अनुभव र भावी योजना, रोजगारी श्रृजना सम्बन्धी नगरपालिकाका कार्यक्रमहरू, नगरपालिकाको न्याय निरूपण विधि लगायत विविध विषयमा आर्थिक वर्ष २०७६/०७७ देखि हरेक वर्ष सञ्चालन गरिँदै आएको छ ।

ज. महालक्ष्मी नगरपालिका भित्रका सबै बालबिकास शिक्षक र प्राथमिक तह कक्षा १ ३ का शिक्षकहरूका लागि अर्ली चाइल्डहुड एजुकेसन सेन्टर जावलाखेलको प्राविधिक सहयोगमा आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्म २० दिने ४ तहको बृहत /उच्च स्तरको कार्यशाला ९० जना शिक्षकहरूका लागि सञ्चालन भईसकेको छ ।

**झ. शिक्षकहरूको मासिक तलब भत्ता भुक्तानी:**

शिक्षकहरूको मासिक तलब भत्ता समयभित्रै हरेक महिना भुक्तानी गर्ने प्रवन्ध गरिएको छ । जसका लागि हरेक महिनाको २० भित्र अघिल्लो महिनाको खर्च, फाँटवारी र माग फाराम एकसाथ पेश गर्नुपर्ने र २८ गते भित्र विद्यालयको खातामा तलब निकासा गरिने र ३० गते भित्र विद्यालयले हरेक शिक्षकहरूको खातामा निकासा दिनुपर्ने पद्धति संस्थागत भएको छ ।

**ञ. वैकल्पिक माध्यमबाट पठनपाठन:**

कोभिड १९ को संक्रमणको कारण भौतिक रूपमा विद्यालय सञ्चालन नभएको अवस्थामा बालबालिकाको पठनपाठनमा सहजीकरणका लागि सबै विद्यालयहरूमा अनलाइन माध्यमबाट पठनपाठनको व्यवस्था भएको छ । अनलाइनमा जोडिन नसक्ने विद्यार्थीहरूका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको पूर्व प्राथमिक कक्षा देखि कक्षा ८ सम्मको शैक्षिक स्वाध्ययन सामग्री सबै सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्याका आधारमा छपाइ गरी वितरण गरिएको थियो ।

**ट. CTEVT बाट अनुमति प्राप्त महालक्ष्मी पोलिटेक्निक प्राविधिक शिक्षालयको स्थापना:**

शैक्षिक सत्र २०७७ मा महालक्ष्मी नगरपालिकाको भौतिक लगानी र पछिका वर्षहरूमा CTEVT को लगानीमा वडा नं ९ मा CTEVT को आङ्गिक बहुप्राविधिक शिक्षालय स्थापना भएको छ । उक्त शिक्षालयमा पहिलो र दोस्रो वर्ष डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ र तेस्रो वर्षबाट डिप्लोमा इन जियोमेट्रिक इन्जिनियरिङ र डिप्लोमा इन फार्मेसी विषयहरू पठन पाठन हुनेछन् ।

ठ. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को परीक्षाको स्तरीकरण, प्रमाणीकरणका लागि वार्षिक रूपमा प्रश्न पत्र निर्माण सम्बन्धी कार्यशाला सञ्चालन गरिँदै आएको छ । परीक्षालाई स्तरीय, मर्यादित र विश्वसनीय रूपमा सञ्चालन गर्न केन्द्रीकृत रूपमा परीक्षा सञ्चालनको प्रणाली स्थापित भएको छ ।

**ड. खेलकुदका विभिन्न कार्यक्रमहरू सञ्चालन:**

आर्थिक वर्ष २०७६/०७७ देखि हरेक वर्ष राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयर कप तथा विविध खेलकुद सञ्चालनका लागि नगरपालिकाको आयोजनामा विविध खेलकुदका क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् ।

**ढ. विद्यार्थीकेन्द्रत विभिन्न क्रियाकलापहरू सञ्चालन:**

विद्यार्थीमा भएका अन्तरनिहित प्रतिभाहरूको प्रस्फुटन गर्न विभिन्न विद्यार्थीकेन्द्रित क्रियाकलापहरू गरिँदै आएको छ । शिक्षा शाखाबाट सञ्चालन भएका यस्ता कार्यक्रमहरूमा मिनि भविष्य स्टिम (STEAM) प्रतियोगिता, लोक नृत्य, निबन्ध प्रतियोगिता, वादविवाद प्रतियोगिता, हिज्जे प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, कविता वाचन प्रतियोगिता जस्ता विविध कार्यक्रमहरूमा हरेक वर्ष विद्यार्थीहरूलाई सहभागी गराइँदै आइएको छ ।



ण. विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा गुणात्मक शिक्षाका लागि विद्यालय केन्द्रित शैक्षिक कार्यक्रमहरू सञ्चालन भएको छ ।

त. युवा परिषदसँगको सहकार्यमा १७ वटा विद्यालयमा covid–19 support विद्यार्थीको समूह गठन भएको छ ।

थ. बालमैत्री स्थानीय शासन कार्यक्रमअन्तर्गत समुदायका बालबालिकाहरूको क्षमता विकास कार्यक्रममा सहजीकरण भएको छ ।

द. प्रारम्भिक बालविकाससहित आधारभूत कक्षाको गुणस्तर सुधार कार्यक्रमका अर्ली चाइल्डहुड एजुकेसन सेन्टर (ECEC) संस्थासँग सहकार्य गरी १२ वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा स्थापना गर्ने कार्यको थालनी भएको छ ।

## BLE केन्द्रीकृत परीक्षामा हेल्थ डेस्क सञ्चालनः



२०७६ फागुन २९ बाट सञ्चालित आधारभूत तह परीक्षामा नगरभित्रका सामुदायिक र संस्थागत गरी कूल ४६ वटा विद्यालयहरूका १८४० विद्यार्थीहरू सम्मिलित रहेका थिए । सो परीक्षाका लागि कुल ७ वटा परीक्षा केन्द्रहरू तय गरिएको थियो । परीक्षार्थीहरूमा रहेको कोरोना भाइरसको त्रास हटाउनका लागि तथा स्वास्थ्य समस्या पहिचान गरी समाधान गर्नका लागि हरेक परीक्षा केन्द्रहरूमा मेडिकल डाक्टरको नेतृत्वमा ३ जना स्वास्थ्यकर्मीहरू रहेको हेल्थ डेस्कको व्यवस्था गरिएको थियो । जहाँ आवश्यक अत्याधुनिक उपकरणहरू जस्तै लेजर थर्मोमिटर, अक्सिमिटर, आदि र औषधीहरू व्यवस्था गरिएको थियो साथै, हरेक विद्यार्थीलाई एक-एक वटा पुन प्रयोग गर्न मिल्ने मास्क समेत उपलब्ध गराइएको छ । त्यसैगरी हरेक परीक्षा केन्द्रमा तातो पानी, साबुनसहितको हात धुने ठाउँको व्यवस्था र हेल्थ डेस्कमा सानिटाइजरको व्यवस्था, रूघा खोकी लागेका विद्यार्थीहरू भए छुट्टै कोठामा परीक्षा लिने व्यवस्था तथा कुनै विद्यार्थीको स्वास्थ्यमा जटिलता देखिए तत्कालै हस्पिटल पुर्याउने सम्मको सम्पूर्ण व्यवस्था गरिएको थियो ।

# हाम्रो रोजाइः स्वास्थ्य र सरसफाइ



नेपालको संविधानले मौलिक हकअन्तर्गत स्वास्थ्यको हकलाई प्रत्याभुत गरिएको छ साथै दिगो विकास लक्ष्यअन्तर्गत बुँदा नं ३ मा स्वस्थ जीवन र कल्याणलाई राखिएको छ । त्यसैगरी यस नगरपालिकाले पहिलो नगरसभाबाटै "स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर" को दीर्घकालीन लक्ष्य तय गरी शिक्षा र स्वास्थ्यलाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा लिई सोही अनुरूपका नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यस अवधिमा नगरपालिकाभित्र स्वास्थ्य गरिएका कार्य र तिनको उपलब्धिलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र .स | कार्यक्रम | सूचक | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय खोप कार्यक्रम | पेन्टा ३ कभरेज | ९६ | ९४ | १०६ | ९१ |
| | | पूर्ण खोप प्रतिशत (१२-२३ महिनाका बालबालिका) | ६७ | ७३ | ९२ | ८५ |
| | | एम .आर . २ कभरेज | ९४ | ७८ | ९४ | १०५ |
| २ | पोषण कार्यक्रम | वृद्धि निगरानी | ५० | ५१ | ५९ | ५३ |
| | | १८० आइरन फोलिक एसिड प्राप्त गर्ने गर्भवती महिला प्रतिशत | १६ | १८ | १७ | १७ |
| ३ | परिवार नियोजन कार्यक्रम | CPR (as % of WRA) | १० | ९ | ९ | ९ |
| | | नयाँ ग्रहण गर्नेको सङ्ख्या (as % of MWRA) | ८ | ८ | ७ | ४ |

| क्र.स | कार्यक्रम | सूचक | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ |
|---|---|---|---|---|---|---|
| ४ | सुरक्षित मातृत्व कार्यक्रम | ANC 4th visit among expected Live Birth | १६८५ | ९६७ | ५९१ | ४४७ |
| | | मातृमृत्यु सङ्ख्या | १ | ० | १ | ० |
| | | नवजात शिशु मृत्यु सङ्ख्या | १ | ४ | ० | १ |
| | | संस्थागत डेलिभरी | १२७५ | ११४७ | ८१२ | ८१२ |
| ५ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम | आमा समूह बैठक | १०० | ९३ | ९६ | ९६ |
| ६ | टि .बि नियन्त्रण कार्यक्रम | TB Case Notification Rate (all forms of TB) | १९५ | १६३ | ११५ | १२३ |
| | | TB Treatment Success (New PBC) | ८० | ९१ | ९३ | ९८ |
| ७ | HMIS प्रतिवेदन स्थिति | HMIS Complete reporting (Public) | १०० | १०० | १०० | १०० |
| | | HMIS Complete reporting (Non Public) | १ | १ | १ | १ |
| | | HMIS Timely reporting | १०० | १०० | १०० | १०० |
| ८ | कार्यक्रम सम्पादन प्रगति | स्वास्थ्य शाखाको वित्तीय प्रगति | | | १ | |
| ९ | मलेरिया नियन्त्रण कार्यक्रम | Total Number of Slides examined (Including RDT) | ० | ० | ० | ३४२ |
| १० | लजिस्टिक | Reporting rate of LMIS report | १०० | १०० | १०० | १०० |
| ११ | कोभिड-१९ | जम्मा सङ्क्रमित | | | ५९६७ | ६४३८ |
| | | जम्मा निको हुने | | | ५७७८ | |
| | | Active Infection | | | १३६ | |
| | | जम्मा मृत्यु | | | ५३ | |
| | | जम्मा पहिलो खोप | | | | ९७६४५ |
| | | जम्मा दोस्रो खोप | | | | ६८२९० |

- नगरभित्रको स्वास्थ्य सेवामा नगरवासीहरूको पहुँच विस्तार गर्ने उद्देश्यका साथ १० वटै वडामा स्वास्थ्य संस्थाहरूको स्थापन गर्ने गरी वडा नं २, ३, ४, ५ र ९ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको २०७७ सालबाट स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गरिँदै आएको छ ।
- ३१ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा "बा आमाको सेवा, स्वास्थ्य उपचारमा टेवा" भन्ने नाराका साथ मिति २०७८ असोज १४ गतेबाट "ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम" शुभारम्भ गरियो । यससँगै ज्येष्ठ नागरिक स्वास्थ्य सेवाअन्तर्गत नगरका प्रत्येक ज्येष्ठ नागरिकहरूको हरेक महिना घरदैलोमै गई रक्तचाप, मधुमेह, अक्सिजनको मात्रा जस्ता सामान्य स्वास्थ्य परीक्षण गरी आवश्यक औषधि वितरण

गर्ने गरी महालक्ष्मी नगरपालिकाको नियमित स्वास्थ्य सेवाका रूपमा सञ्चालन गरिँदै आइएको छ ।

» लुभु प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैय्याको अस्पतालमा स्तरोन्नति गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको छ । उक्त केन्द्रबाट विशेषज्ञ सेवासहित गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन रेडेन्ट वार्मर, इ. सि. जि. लगायत अन्य स्वास्थ्य उपकरणहरू थप गरिएको तथा बर्थिङ सेन्टर प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । नगरपालिकाभर निःशुल्क औषधीहरू सर्वसुलभ रूपमा वितरणको व्यवस्था मिलाइएको छ । नगर क्षेत्रभित्रका ९४ प्रतिशत बालबालिकामा खोपको पँहुच पुगेको छ । त्यसैगरी किस्ट मेडिकल कलेजसँग सम्झौता गरी नगरवासीहरूलाई स्वास्थ्य उपचारमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको छ ।
» ENPHO सँगको सहकार्यमा नगरपालिकाको कार्यालयमा Sanitation Cell को स्थापना गरी सरसफाइका कार्यहरूलाई अघि बढाइएको ।
» मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।
» सिर्जनसीप फोहोर मैला व्यवस्थापन प्रा.लि. सँग सहकार्य गरी नगरको फोहोर व्यवस्थापन गरिएको ।
» नव निर्माण हुने भवनहरूमा अनिवार्य Shield Septic Tank निर्माण गर्नुपर्ने प्रावधान रहेको ।



## कोभिड व्यवस्थापनः उत्कृष्ट कार्यसम्पादन

यस महालक्ष्मी नगरपालिकाले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि "Unite to Fight Against Corona Virus COVID–19" को मूल थिमसहित विभिन्न प्रवर्धनात्मक एवम् उपचारात्मक कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरेको छ । कोरोना विरूद्ध सचेतनात्मक सन्देशहरू सामाजिक सञ्जाल, माइकिङ लगायतका विभिन्न माध्यमबाट जनस्तरमा व्यापक रूपमा प्रवाह गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा कोभिड सङ्क्रमितहरूको खोजी, आरडिटि, पिसिआर र एन्टिजेन परीक्षण, क्वारेन्टिन तथा आइसोलेसनको व्यवस्था गरिएको थियो । महालक्ष्मी नगरपालिका वडा नं ५ स्थित केयर एण्ड क्यूर अस्पतालसँग सम्झौता गरी तीस बेड सम्मको कोभिड हाइकेयर आइसोलेसन युनिट सञ्चालन गरिएको थियो । त्यसैगरी वडा नं ८

को ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लुभुमा १० बेडको आइसोलेसन र वडा नं ६ सानागाउँको अनन्त इङ्लिस बोर्डिङ् स्कुलमा आइसोलेसन वार्ड सञ्चालनमा गरिएको थियो । हरेक वडामा एक-एक जना स्वास्थ्यकर्मीलाई व्यवस्थापन संयोजक तोकी जिम्मेवारी दिएसँगै वडा भित्रका सङ्क्रमित र सङ्क्रमितसँग नजिकको सम्पर्कमा परेकाहरूसँग सम्पर्क गरी आवश्यक स्वास्थ्य सुविधाको व्यवस्था मिलाइयो । नगरपालिका अन्तर्गतका चार जना डाक्टरबाट कोभिड -१९ सङ्क्रमितहरूका लागि फोन मार्फत निःशुल्क चिकित्सकीय परामर्श सेवा र एक जना मनोपरामर्शकर्ताबाट मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्था मिलाइयो । उक्त सेवाअन्तर्गत २०७८ माघ मसान्तसम्ममा २५२८ जनालाई चिकित्सकीय परामर्श र १०९ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ । त्यसैगरी उक्त अवधिमा नगरपालिका क्षेत्रभित्रका ९५५ जनाको आरडिटी, १७४० जनाको पिसिआर र २३८९ जनाको एन्टिजेन समेत गरी जम्मा ५०८४ जनाको कोरोना परीक्षण गरिएको छ भने ६५८७३ जनालाई कोरोना विरूद्ध खोपको पहिलो मात्रा र ६५३३९ जनालाई दोस्रो मात्रा समेत लगाइसकिएको छ । त्यसैगरी नगरपालिकाबाट सञ्चालित दुई वटा एम्बुलेन्सबाट कोभिड-१९ का ३११ जना बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ । केयर एण्ड क्युर अस्पतालको हाइकेयर आइसोलेसन युनिटबाट हालसम्म ३२ जनाको उपचार भएको छ ।

# उत्पादन र उद्यमशिलताः नगरपालिकाको अग्रसरता

नेपालको संविधानको भाग ३ धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकको रूपमा राखिएको छ । १५ औँ योजना (२०७६/७७- २०८०/८१) ले उद्यमशील संस्कृति, उद्यमी जनता भन्ने सोचका साथ सीपको विकास, प्रविधिको उपयोग र स्रोतको परिचालन गरी उद्यमशीलताको विकास गर्ने लक्ष्य निर्धारण गरेको छ भने ३ वटा उद्देश्य पूरा गर्न ४ वटा रणनीति लिएको छ । यस योजनाले जम्मा जनसङ्ख्याको ५० प्रतिशतलाई तालिम दिने, वार्षिक १५ हजार उद्योग स्थापना गर्ने, ६० हजार थप रोजगारी सृजना गर्ने र प्रत्येक प्रदेशमा १/१ वटा व्यावसायिक केन्द्र स्थापना गर्ने अपेक्षिति उपलब्धि राखेको छ । दिगो विकास लक्ष्य २०३० ले तय गरेको १६ वटा लक्ष्यहरूमध्य लक्ष्य न ८ मा मर्यादित रोजगारी तथा आर्थिक वृद्धि रहेको छ जसले भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने उल्लेख गरिएको छ । यिनै लक्ष्य र उद्देश्य पूरा गर्ने गरी महालक्ष्मी नगरपालिकाको आठौं नगर सभाबाट स्वीकृत आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम अन्तर्गत उद्यम गर्न चाहने युवा एवम् लक्षित वर्गले समूहमा आबद्ध भई व्यवसाय गर्न चाहेमा व्यावसायिक प्रस्तावका आधारमा कर्जा सहजीकरण, बिउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरणमा सहयोग गर्ने कार्यक्रमसहित नगरप्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिएको हो । उक्त कार्यक्रममा आ.व. २०७७/७८ मा ८८ जना युवा तथा लक्षित समुदायका व्यक्तिहरूबाट निवेदनसहित प्राप्त भएकोमा सोमध्ये जम्मा २६ जना व्यक्तिहरू छनौट गरी जम्मा ३५ लाख रूपैंया वितरण गरिएको थियो । त्यसैगरी चालु आ.व. मा सो कार्यक्रमअन्तर्गत १३५ वटा आवेदन प्राप्त भई छनौटको प्रक्रियामा रहेको छ ।

२०७७/७८

**नगरप्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम**

आवेदन प्राप्त-८८ जना
२५ जनालाई ३५ लाख बिउ पुँजी प्रदान

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सूचीकृत बेरोजगार- ३१३
१५ जनालाई २६ दिन काममा लगाइएको

**गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**

नयाँ उद्यमी बनाउने लक्ष्य- ९० जना
स्तरोन्नति सहयोग प्रदान गर्ने लक्ष्य- ४० जना

२०७८/७९

**नगरप्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम**

आवेदन प्राप्त- १३५
बिउ पुँजी प्रदान गर्ने लक्ष्य -७३ लाख

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सूचीकृत बेरोजगार- ३२४
३४ जनालाई ६० दिनमा काममा लगाइएको
काममा लगाउन सुरू- थप ४० जना

## राष्ट्रिय वाणिज्य बैङ्कसँग सहुलियतपूर्ण कर्जा सम्बन्धी सम्झौताः

महालक्ष्मी नगरपालिका र राष्ट्रिय वाणिज्य बैङ्कबीच मिति २०७७ पौष १ गते भएको सम्झौता अनुसार नगर क्षेत्रभित्र उद्यम गर्ने नगरबासीहरूलाई नगरपालिकाले सहुलियतपूर्ण कर्जाको लागि सिफारिस गरिदिने व्यवस्था रहेको हुँदा सोही बमोजिम हालसम्म जम्मा ४७ जना उद्यमीहरूलाई बैङ्कमा सहुलियतपूर्ण कर्जाको लागि सिफारिस गरिएकोमा जसमध्ये १७ जना उद्यमीहरूले सहूलियतपूर्ण कर्जा प्राप्त गरिसकेका छन् ।



# श्रमिकको अधिकार: श्रम तथा रोजगार

नेपालको सँविधानको भाग ३ धारा ३३ र ३४ मा क्रमशः रोजगारी र श्रमको हकको व्यवस्था मौलिक हककोरूपमा गरिएको छ । उक्त मौलिक हकलाई लागु गर्न श्रम ऐन २०७४, रोजगारीको हकसम्बन्धी ऐन-२०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ निर्माण भइ कार्यान्वयन भएको छ । त्यस्तै श्रमको-सम्मान-राष्ट्रको- अभियान- रणनीति - २०७८ र राष्ट्रिय रोजगार नीति २०७१ जारी भएको छ । ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जनामार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृध्दि हासिल गर्ने सोचका साथ स्वदेशभित्र रोजगारीका पर्याप्त अवसर हरूको सिर्जना र कामलाई सम्मान गर्ने संस्कृतिको विकास गरी रोजगारीका लागि विदेश जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने लक्ष्य लिइ , सबै नागरिकलाई रोजगारीको प्रत्याभूति गरी मौलिक हकका रूपमा रहेको रोजगारीको हकको कार्यान्वयन गर्ने , आन्तरिक रोजगारी र उद्यमशीलताको प्रवर्धन गरी वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गर्ने, कामका लागि पारिश्रमिक मार्फत गरिबी न्यूनीकरण र सामाजिक संरक्षणमा योगदान पुर्याउने र स्थानीय स्तरमा विकास निर्माण कार्यमार्फत सार्वजनिक पूजी निर्माण गरी स्थनीय जनताको जीवनस्तरमा सुधार गर्न मध्दत पुर्याउने उद्देश्य लिएको छ ।

दिगो विकासको लक्ष्यको लक्ष्य न ८ मर्यादित रोजगार तथा आर्थिक वृध्दिमा भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने उल्लेख गरे अनुरूप नगरपालिकाले आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गरी प्रभावकारी तवरले कार्यान्वयन गरेको छ ।




## श्रम बैङ्कको स्थापना र सञ्चालन

नगरपालिकाभित्र रहेका बेरोजगार, अनौपचारिक र असङ्गठित क्षेत्रमा काम गर्ने मजदुरहरू तथा दैनिक ज्यालादारीमा काम गर्ने लगायत सबै प्रकारका कामदारहरूको सम्मानजनक रोजगारीको सुनिश्चितता, अभिलेखीकरण, सामाजिक सुरक्षा, तालिम तथा क्षमता विकास गरी नगरपालिकाको श्रम बजारलाई व्यवस्थित, मर्यादित एवम् उत्पादनशील बनाई समृद्ध नगरको उद्देश्य प्राप्तिका लागि २०७७ जेठ १९ मा श्रम बैङ्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरी श्रम तथा रोजगार शाखाबाट श्रम बैङ्क सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ ।

# हाम्रो प्रतिबद्धताः स्वच्छ र शुद्ध खानेपानीमा प्राथमिकता



*सिद्धिपुर खानेपानी ट्याङ्की निर्माणको शिलान्यास कार्यक्रमः २०७८ मङ्सिर ०९*

दिगो विकास लक्ष्यको लक्ष्य न ६ स्वच्छ पानी तथा सरसफाईले सबैका निम्ति खानेपानी सरसफाइको लपलब्धताको साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने प्रतिवध्दता गरेको छ । नेपालको १५ औँ योजना (२०७६/७७- २०८०/८१) ले स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको सोच बनाइ सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृध्दि गर्ने लक्ष्य लिएको छ । यसै योजनाले उक्त लक्ष्य पूरा गर्न ४ वटा उद्देश्य र ८ वटा रणनीति निर्धारण गरेको छ । यिनै लक्ष्य र उद्देश्यहरू पूरा गर्न तथा नगरबासीलाई गुणस्तरीय खानेपानीको सेवा प्रदान गर्न यस नगर नगपालिकाले विशेष प्राथमिकताका साथ विभिन्न योजनाहरू अघि बढाउँदै आइएको छ । विगत चार वर्षमा वडा नं. १ को खानेपानी ट्याङ्की, सीतापाखा खानेपानी ट्याङ्की तथा डिप वोरिङ, बोजे खानेपानी आयोजना, भोजेपोखरी खानेपानी ट्याङ्की निर्माण, सशम्भु ठूलाघर खानेपानी आयोजना, वडा नं. १० को लिफ्टिङ प्रविधिसहितको खानेपानी आयोजना, चापाखर्क खानेपानी आयोजना, सिद्धिपुर खानेपानी ट्याङ्की निर्माण, माथिल्लो दोभान खानेपानी ट्याङ्की निर्माण, गैरीगाँउ खानेपानी ट्याङ्की निर्माण, तल्लो दोभान खानेपानी आयोजना, नवदिप खानेपानी आयोजना, इमाडोल खानेपानी आयोजना, धाराचौर खानेपानी आयोजना, लुभु विष्णुडोल खानेपानी डिप बोरिङ, चसिडोल खानेपानी आयोजना, तेह्रबिसे खानेपानी टयाङ्की निर्माण लगायतका योजनामध्ये अधिकांश योजना सम्पन्न भइसकेका र केही अन्तिम चरणमा पुगेका छन् । काठमाडौँ उपत्यका खानेपानी बोर्डसँगको समन्वयमा खानेपानीको स्रोत व्यवस्थापन गर्नका लागि नगरपालिकाभित्रका विभिन्न १६ स्थानमा भूमिगत पानीको स्रोत सम्भाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी वडा न.१ देखि ५ सम्म मेलम्ची खानेपानी आयोजनाको पाइप लाइन विस्तार कार्यको सर्भे तथा डि. पि. आर. तयार भइसकेको छ । अन्य वडाहरूमा समेत मेलम्ची खानेपानी योजनाको सेवा क्षेत्र विस्तारका लागि पहल गरिएको छ ।

## यातायात व्यवस्थामा चुस्तता

यस अवधिमा नगरपालिकाको सबै क्षेत्रमा सार्वजनिक यातायातको पहुँच पुर्याइएको छ । साझा यातायातसँगको लगानी साझेदारीमा रत्नपार्कदेखि ढुङ्गिनसम्म नियमित एवम् सर्वसुलभ सार्वजनिक यातायात सेवा सञ्चालनमा रहेको छ । ग्वार्कोदेखि ढुङ्गिनसम्म चार लेनको बाटो विस्तार गरी स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ । यसबाट ग्वार्को-लुभु-लामाटार यातायातमा समय र सुविधाका हिसाबले धेरै सहज भएको छ ।



## कृषि र किसान: नगरको मिसन

नेपालको संविधानको भाग ४ को धारा ५१ राज्यका नीतिहरूमा कृषि र भूमि सुधारसम्बन्धी उल्लेख गरिएको छ । त्यसैगरी १५ औं योजनाको आर्थिक क्षेत्रभित्र कृषिलाई समेट्दै कृषि र प्राकृतिक स्रोत अन्तर्गत कृषि, खाद्य सुरक्षा, पोषण, सिचाइँ, भूमि व्यवस्था, जलस्रोत र वन, जैविक विविधता तथा जलाधार क्षेत्रलाई समावेश गरेको छ ।सोही योजनाले खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता सहितको दिगो, प्रतिस्पर्धी एवम् कृषि अर्थतन्त्र निर्माण गर्ने सोचका साथ प्रतिस्पर्धी, जलवायु अनुकूल, आत्म निर्भर एवम् निर्यातमुखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक विकास हासिल गर्ने लक्ष्य लिएको छ । उक्त सोच र लक्ष्य पूरा गर्न तीन वटा उद्देश्य र सात वटा रणनीति तय गरिएको छ भने कृषि श्रम उत्पादकत्व (अमेरिकी डलर)५४९ बाट ७१५ प्रतिव्यक्ति प्रतिहेक्टर पुर्याउने अपेक्षा गरिएको छ । त्यसैगरी दिगो विकासको लक्ष्यमा भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने कुरा उल्लेख गर्दै शुन्य भोकमरीको लक्ष्य निर्धारण गरेको छ । उल्लिखित लक्ष्य तथा उद्देश्य पूरा गर्न यस नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकताका आधारमा लगानी गरेको छ ।

» पकेट क्षेत्र पहिचान, निर्धारण र व्यवस्थापन : महालक्ष्मी नगरपालिकाले यस क्षेत्रको भौगोलिक बनोट र सम्भावनाका आधारमा पकेट क्षेत्रहरूको पहिचान तथा निर्धारण गरी सोही अनुसारका कृषि कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ जसअन्तर्गत वडा नं १ देखि ५ लाई कौसी खेती पकेट क्षेत्र, वडा नं ६ र ७ लाई लहरे तरकारीको पकेट क्षेत्र, वडा नं ८ मा च्याउ र पुष्प खेती, वडा नं ९ मा गोलभँडा र वडा नं १० मा अलैंची र ओखरको पकेट क्षेत्र घोषणा गरिएको छ ।





» आ.व ०७७/७८ मा कृषि आधुनिकीकरणका लागि २१ जना कृषकहरूलाई जम्मा २४ लाख वितरण गरियो ।
» वैदेशिक रोजगारीबाट फर्की कृषि पेसामा लागेका ४२ जना युवा उद्यमीहरूलाई जनही २५,००० बराबरको तरकरी खेतीका लागि आवश्यक पर्ने जिन्सी सामग्रीहरू वितरण गरियो ।
» नगर क्षेत्रभित्रका कृषकहरूका लागि हिउँदे तथा वर्षे फलफूलका बिरूवाहरू नियमित वितरण गरिँदै आएको छ ।

| सि .नं . | ५०% अनुदानमा वितरण गरिएका कृषि सामग्री | इकाइ |
|---|---|---|
| १ | प्लास्टिक घर निर्माणका लागि प्लास्टिक सिट | ३७५ थान |
| २ | च्याउ घर निर्माणको लागि प्लास्टिक सिट | १३५ थान |
| ३ | कौंसी खेती सेट | ६० थान |
| ४ | धानको बिउ | २ .५ मेट्रिक टन |
| ५ | गहुँको बिउ | १ .५ मेट्रिक टन |
| ६ | आलुको बिउ | २ .५ मेट्रिक टन |
| ७ | च्याउको बिउ | ५००० प्याकेट |
| ८ | पराल बफाउने स्टिमर मेसिन | १ थान |
| ९ | मिनीटिलर | १५ थान |
| १० | डिजिटल तराजु | १०० थान |
| ११ | हाइब्रिड तरकारीको बिउ | ३६०० प्याकेट |

» साना सिँचाइ कार्यक्रममार्फत सम्पन्न भएका योजनाहरूको विवरण

| सि .नं | साना सिँचाइ कार्यक्रममार्फत सञ्चालित योजना विवरण | सङ्ख्या |
|---|---|---|
| १ | इनार निर्माण | २५ वटा |
| २ | पलास्टिक पोखरी निर्माण | १० वटा |
| ३ | थोपा सिँचाइ प्रविधि जडान | १८ वटा |
| ४ | पाइप सिँचाइको निर्माण | ५ वटा |


तरकारी खेतीको लागि नगरपालिकाको कृषि शाखाबाट साना सिँचाइ बिषेश कार्यक्रममार्फत नगरपालिकामा रहेको कूल खेतीयोग्य जमिन १४५५ हे. मध्ये ११०८ हे. क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको र कृषि विकास शाखाबाट साना सिँचाइ बिशेष कार्यक्रममार्फत २५ वटा ईनार निर्माण, १० वटा प्लाष्टिक पोखरी (६८८ मि.) निर्माण, १८ वटा थोपा सिँचाइ सेट जडान तथा ५ (७०० मि.) वटा पाईप सिँचाइको माध्यमबाट हाल सम्म जम्मा थप २० हेक्टर क्षेत्रफलमा सिँचाइ सुबिधा पुगी सिञ्चित क्षेत्रफल ११०८ बाट ११२८ हे. पुगी कृषकहरूको व्यवसायिक तरकारी खेतीको क्षेत्र बिस्तार तथा उत्पादनमा २०-२५ प्रतिशतले वृद्धि भएको पाइन्छ ।
नगर क्षेत्रभित्र ४ वटा सामुदायिक फलफूल तथा तरकारी नर्सरीको स्थापना भई वार्षिक २००००० भन्दा बढी बिरूवा उत्पादन तथा बिक्री बितरण भइ रहेको छ ।

# पशु विकास



वडा नं ९ लाई गाई पालन र वडा नं १० लाई बाख्रा पालनको पकेट क्षेत्र घोषणा गरी सोही बमोजिमको कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

वडा नं ९ मा पशु सेवा केन्द्र स्थापना हरेक वर्ष नियमित पशु स्वास्थ्य चेक जाँच, आवश्यक औषधी वितरण, सरूवा तथा भाइरल रोग नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन, हिउँदे तथा वर्षे घाँसको बिउ वितरण, पशुपालनसम्बन्धी तालिम, ५०% अनुदानमा पशुपालनसम्बन्धी आवश्यक सामग्री (काउ म्याट, मिल्क क्यान, च्याफकटर) वितरण, पशु प्रजनन सेवा, गोठ सुधारका लागि आर्थिक सहयोगजस्ता कार्यक्रममार्फत पशुपालक कृषकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।




# संस्थागत मित्रताको आधारः भगिनी सम्बन्धको सुरुवात

यस महालक्ष्मी नगरपालिका, ललितपुर र महालक्ष्मी नगरपालिका, धनकुटाबीच भगिनी सम्बन्ध कायम गरी दुई नगरपालिकाबीचको सहकार्य र समन्वयलाई थप प्रभावकारी गर्ने उद्देश्यका साथ यस नगरकार्यपालिकाको २०७८ पौष ११ गतेको १२६ औं बैठकबाट दुई महालक्ष्मी नगरपालिकाबीच भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।



महालक्ष्मी नगरपालिका ललितपुरका नगर प्रमुख र उपप्रमुखबाट यस नगरपालिकाको हालसम्मका प्रकाशनहरू महालक्ष्मी नगर पालिका धनकुटाका नगर प्रमुखलाई हस्तान्तरण गर्नुहुँदै ।

# हाम्रा सहकारीः बन्दैछन प्रभावकारी

सहकारीलाई अर्थतन्त्रको महत्तवपूर्ण खम्बाको रूपमा प्रवर्द्धन, सबलीकरण र विकास गर्न सोही बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । नगरपालिका र सहकारी संघ संस्थाहरूसँगको लागत साझेदारीमा सहकारी प्रवर्द्धन एवम् सामुदायिक विकास कार्यक्रम सञ्चालन भएका छन् । नगर क्षेत्रभित्रका सबै सहकारीहरूलाई कोपोमिसमा आबद्ध गरी सहकारीसम्बन्धी तथ्याङ्कलाई व्यवस्थित गरिने कार्य गरिएको छ । समान प्रकृतिका सहकारीहरूलाई एकीकरण गर्न प्रोत्साहन गरिने नीति तर्जुमा गरिएको छ । सहकारी संस्थाहरूको लागत साझेदारीमा सहकारीका सदस्यहरूको क्षमता विकासका लागि सहकारी व्यवस्थापन, सहकारी लेखा, सहकारी सचेतना लगायतका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् भने सहकारी संस्थाहरूको प्रभावकारी अनुगमनको व्यवस्थासमेत गरिएको छ ।



## महालक्ष्मी नगरपालिका अन्तर्गतका सहकारीहरूको विवरण

| क.स. | सहकारी संस्थाको नाम | ठेगाना | अध्यक्षको नाम थर | सम्पर्क नं | व्यवस्थाकको नाम/थर | सम्पर्क नं | संस्थाको सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|
| १ | श्री पन्चामृत बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १ | रामवहादुर थापा | ९८५११५२९४० | बिशेश्वर कर्माचार्य | ९८४१२३३०९५ | |
| २ | श्री इमाडेल्ि बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १ | सञ्जय श्रेष्ठ | ९८४१३२३३६९ | उत्सर्ग | ९८६१३४२३५१ | |
| ३ | श्री वौद्धीक उपभोत्ता सहकारी संस्था लि | वडा नं १ | चिरन्जीवी न्यौपाने | ९८४३०४१३४९ | रुवी कडेल | ९८४१५७११६८ | |
| ४ | श्री कृष्णबोझे पोखरी पर्यटन सहकारी संस्था लि | वडा नं १ | केशव प्रसाद रेग्मी | ९८५१००४०६२ | | | |
| ५ | श्री सिटीग्राम बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं १ | मदन मर्हजन | ९८५१०८१३२९ | | | |
| ६ | श्री सगुन बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १ | माधव प्रसाद पौडेल | ९८५१०१०१०९ | | | |
| ७ | श्री शुभर्णभुमी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १ | उत्तमनाथ मास्के | ९८५१०४२१०५ | | | |
| ८ | श्री लाफा उपभोक्ता सहकारी संस्था लि | वडा नं १ | कुमार थापा मगर | ९८४१७६३४६१ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | श्री पन्चमहालक्ष्मी महिला बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं २ | सिन्धुवम मल्ल | ९८६६५५०१७२ | मन्दीरा | ९८४१३४७१३८ | |
| १० | श्री कामधेनु बचत तथा ऋण सहकारी संस्था लि | वडा नं २ | श्री प्रसाद कोईराला | ९८४१३०९३७४ | | | |
| ११ | श्री मोर्डन बचत तथा ऋण सहकारी संस्था लि | वडा नं २ | यादव घतानी | ९८४१५०३७१२ | विनोद विश्वकर्मा | ९८६१९३०२१५ | |
| १२ | श्री स्वधन बचत तथा ऋण सहकारी संस्था लि | वडा नं २ | रघु विर झा | ९८४१३०५५४५ | संगीता नापित | ९८६०१०२४२४ | |
| १३ | श्री सजिलो बचत तथा ऋण सहकारी संस्था लि | वडा नं २ | भोज कुमार थापा | ९८४१३२६६४० | सविना कार्की | ९८१४८७५९४ | |
| १४ | श्री सत्यस्वर बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ३ | बिष्णुलाल श्रेष्ठ | ९८५१०७२८५१ | अंजीता भन्डारी | ९८४९३६०८५७ | |
| १५ | श्री कृष्णा महिला जागृति सहकारी संस्था लि | वडा नं ३ | | | ज्ञानु खड्का | ९८१८३९९४३७ | |
| १६ | श्री गरिमामय बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ३ | सुमन घिमीरे | ९८४१६३८८४४ | सरिता घिमीरे | ९८४१२३०६७२ | |
| १७ | श्री रुपान्तर कल्टीप्रपोज बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ३ | प्रेम लामा | ९८५१०००३९५ | | | |
| १८ | श्री एम्बिसन बचत तथा ऋण सहकारी लि | वडा नं ४ | बालमुकुन्द्र के.सी | ९८१३२४२१३२ | | | |
| १९ | श्री सितापाखा बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ४ | डिल कुमार थापा | ९८४१६२३९६१ | उत्तम रोका | ९८४१२५५२८८ | |
| २० | श्री अंकुर बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ४ | रिमा गुरुङ् | ९८४९९३४६७५ | अरविन मर्हजन | ९८८६५२३३०६ | |
| २१ | श्री उदयमान बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ४ | र ाजन शाह | ९८५११६४१२२ | | | ०१५५८२२९३ |
| २२ | श्री एम्वीसन बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ४ | वालगोविन्द के.सी | ९८१३२४२१३२ | | | |
| २३ | श्री महिला स्वास्थ्य सहकारी संस्था लि | वडा नं ५ | निर्मला राना मगर | ९८४१५७८६५४ | | | |
| २४ | श्री सिप विकास बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ५ | सुपा रिजाल | ९८४१९६००२३ | | | |
| २५ | श्री दीप महिला बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | | | | | |
| २६ | श्री पन्चेश्वरी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | निरञ्जन बुढाथोकी | ९८०३८६२२१८ | सलिना थापा | ९८०१०६२३१६ | |
| २७ | श्री टिकेश्वर कृषि बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ५ | प्रभात बुढाथोकी | ९८४१८६८९९६ | राजेश मर्हजन | ९८४१६१७४१५ | |
| २८ | श्री तारापुञ्ज बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | राम वहादुर वस्नेत | | कृष्ण राज जोशी | ९८४१५४२८३६ | ०११५००७४१४ |
| २९ | श्री मुस्वा महिला बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | दिपेन्द्र बस्नेत | ९८२३०६६८०० | किरणजंग तसेन | ९८४१४३६७०१ | |
| ३० | श्री मोतेश्वर आपसी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | गिता पराजुली | ९८६०१८७९४४ | सुविना गिरी | ९८४०२५४५५९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | श्री मालिका महिला बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | पुष्पा कुमारी विष्ट | ९८४१४९४४११ | | | |
| ३२ | श्री यात्रा बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ५ | चित्र प्रसाद पौडेल | ९८४९८००४९८ | | | |
| ३३ | श्री निर्मल कृषि सहकारी संस्था लि | वडा नं ६ | वावुराम श्रेष्ठ | | | | ०१५५८१९७१ |
| ३४ | श्री ट्रीनिटि बचत तथा ऋण सहकारी लि | वडा नं ६ | सुरज मर्हजन | ९८५१०४९२३७ | | | ०१५५८१४९८ |
| ३५ | श्री उद्धार बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | विकाश मर्हजन | ९८५११११८५८ | वाल कुमारी मर्हजन | ९८४९८०५०५६ | |
| ३६ | श्री लश कुश बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | लक्ष्मी श्रेष्ठ | ९८६९२४४९३२ | सन्जु मर्हजन | ९८४९१३२७६५ | |
| ३७ | श्री झिगु नेवा बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | वालगोविन्द | ९८५१०५९४४७ | आशमान मर्हजन | ९८४१४८१५२० | |
| ३८ | श्री सहारा बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | कृष्ण कुमार | ९८५१०३९३१९ | नुच्छे मर्हजन | ९८४१४८१९९१ | |
| ३९ | श्री विकास बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | मदनमान | ९८५१०४०२१६ | प्रकाश मर्हजन | ९८५१०९७६७५ | |
| ४० | श्री सिद्धीपुर थसी स्वास्थ्य सेवा सहकारी संस्था लि. | वडा नं ६ | | | | | |
| ४१ | श्री सिद्धेश्वर महादेव बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ६ | बिक्रम मर्हजन | ९८५१०००३७० | | | |
| ४२ | श्री सत्य बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ६ | हरि मर्हजन | | | | ०१५५८१३५८ |
| ४३ | श्री स्वालम्वन बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ६ | किरण कुमार मर्हजन | ९८४३१०१४१५ | | | |
| ४४ | श्री चंगाथली बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ७ | हिरा काजी मर्हजन | ९८४१७३८२६७ | | | ५५८१७१६ |
| ४५ | श्री उपयोगी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ७ | अनतिा पौडैल | ९८५१११८६६१ | विकास मर्हजन | ९८५१०२१६५१ | |
| ४६ | श्री जनस्नेह कृषि सहकारी संस्था लि | वडा नं ७ | गोमा भण्डारी | ९८४९८७४७५५ | निर्मला वस्ती | ९८४१३२०७१७ | |
| ४७ | श्री उदय विनायक महिला बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ७ | प्रमिला थापा | ९८४९३२१६६४ | | | |
| ४८ | श्री चाँदनी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ७ | हिरा काजी मर्हजन | ९८४१७३८२६७ | मनजीत मर्हजन | ९८६०४७८२३० | |
| ४९ | श्री जि.स्वा. महिला कृषि सहकारी संस्था लि | वडा नं ७ | शान्ता लक्ष्मी श्रेष्ठ | ९८४१११४९२१ | | | ०१५५८१४९८ |
| ५० | श्री गोभ्राटेश्वर उपभोक्ता सहकारी संस्था लि | वडा नं ८ | सिताराम गौतम | ९८४११७१२१५ | | | |
| ५१ | श्री सत्कर्म कृषि सहकारी संस्था लि | वडा नं ८ | राम श्रेष्ठ | ९८६१०८०८०० | | | |
| ५२ | श्री सदभाव कृषि सहकारी संस्था लि | वडा नं ८ | | | | | |
| ५३ | श्री सहयोगी बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | नारायण भक्त श्रेष्ठ | ९८५१०५००२८ | श्याम कुमार श्रेष्ठ | ९८४१८८२३७६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | श्री पुर्वाधार बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | कैलाश कुमार मल्ल | | | | ०१५५८०९२३ |
| ५५ | श्री एकल महिला बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | रिता देवी श्रेष्ठ | ९८४३०५९५३६ | | | |
| ५६ | श्री सिलुलाईट बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | राम गोपाल सिंह | | | | ०१५५८०८९५ |
| ५७ | श्री जागरण बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | शंकर कुमार के.सी | ९८४९११०७६७ | | | |
| ५८ | श्री पारस्परिक बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | | | वाल गोपाल | ९८४१३७८३६२ | |
| ५९ | श्री पुनर्मिलन बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | आस्त वहादुर मर्हजन | ९८५१०५००२८ | भगवति रावत | ९८४९०३५९३९ | |
| ६० | श्री बिष्णुडोल बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | सोविता खड्का | ९८०८०६३३६९ | भिमसेन खत्री | ९८०८२६७१८९ | |
| ६१ | श्री होली बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | राजेश कुमार मर्हजन | ९८४९६८६८४२ | नर वहादुर मर्हजन | ९८४९०३५९३९ | |
| ६२ | श्री स्वालम्वी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | जगनाथ श्रेष्ठ | ९८४१२०५७४७ | कृष्ण श्रेष्ठ | ९८५१२३०९८१ | |
| ६३ | श्री महालक्ष्मी कृषि सहकारी संस्था लि | वडा नं ८ | जनक थापा | ९८५११९२३६६ | सुमन | ९८५१२०११३७ | |
| ६४ | श्री अवसर बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | टिलेन्द्र श्रेष्ठ | ९८५११२४८७० | विक्रम मर्हजन | ९८६१२८९०५७ | ०१ ५५८२४२१ |
| ६५ | श्री ग्लोरियस बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | विकाश थापा | ९८५१२४६६०८ | शुभम | ९८०१८४७५९४ | |
| ६६ | श्री लुभु बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | योगेश श्रेष्ठ | ९८५१०९०५०० | रितु राजथला | ९८४७६९६३१० | |
| ६७ | श्री मिलाप बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | | | नैना नापित | ९८४११९३८८० | |
| ६८ | श्री बृहत शैक्षीक बिकास बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | | | राजु तन्डुकार | | ५५८०७२८ |
| ६९ | श्री उत्साही महिला बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ८ | शोभालक्ष्मी सिंह | ९८१८६९५५३२ | | ९८५१०९८७०९ | ०१५५८०२४९ |
| ७० | श्री अवसर बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ८ | अनिल मर्हजन | ९८५१०५७९८९ | | | |
| ७१ | श्री महालक्ष्मी कृषि सहकारी संस्था लि. | वडा नं ८ | देवेन्द्रदेव श्रेष्ठ | ९८४३४४७४५० | | | |
| ७२ | श्री कुसल कृषि सहकारी संस्था लि | वडा नं ९ | कृष्ण | ९८५१०९५२०६ | शान्ती श्रेष्ठ | ९८४४०१०१६१ | ०१५१३२०३२ |
| ७३ | श्री गोचंडेश्वरी दुग्ध उत्पादक सहकारी संस्था लि | वडा नं ९ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७४ | श्री जवाफदेही बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ९ | शम्भु प्रसाद | ९८४१६४४३३८ | रमा महर्जन | ९८४१५३१७७१ | |
| ७५ | श्री बहुपंक्षीय कृषि बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ९ | उमा पौडेल | ९८४१८८११३० | रन्जीता अवाले | ९८५१२१४६६२ | |
| ७६ | श्री बासुकी महिला विकास बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ९ | बुनु पौडेल | ९८४९९७८७८४ | कल्पना थापा | ९८४९४०६९७८ | |
| ७७ | श्री ब्रहापुरी बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ९ | रामशरन घिमीरे | ९८४१४३७७४० | विनोद घिमीरे | ९८४१४३७७४० | |
| ७८ | श्री सिद्धीविनायक कृषि सहकारी संस्था लि | वडा नं ९ | शशीधर पोखरेल | ९८४१३११३५३ | | | |
| ७९ | श्री बासुकी महिला विकास बहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ९ | कल्पना थापा | | | | ०१५१३२१४७ |
| ८० | श्री विकासशिल बचत तथा ऋण सहकारी संस्था लि | वडा नं ९ | जय कृष्ण वोगटी | ९८५१०७३६५६ | गौरी वुढाथोकी थापा | ९८४३१६३१२३ | |
| ८१ | श्री मिलीजुली दुग्ध उपभोक्ता सहकारी संस्था लि | वडा नं ९ | मखमली पोखरेल | ९८६२७९२३६८ | राजाराम पौडेल | ९८४११३२१७० | |
| ८२ | श्री लामाटार कृर्षिबहुउदेश्यीय सहकारी संस्था लि | वडा नं ९ | सन्तोष सिल( वाल | | | | ०१५१३२०४४ |
| ८३ | श्री नारायण डाडा बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १० | राम कुमार शर्मा | ९८५१२१६८६२ | विनोद गुरुङ् | | |
| ८४ | श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि | वडा नं १० | वलराम लामा | ९८४३५९०९२९ | | | |

# बालबालिका: राष्ट्र निर्माणको आधार

नेपालको संविधानको भाग ३ धारा ३९ मा बालबालिकाको हकको व्यवस्था भएको छ । बाल अधिकारसम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिक २०७८ ले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई बाल अधिकारको मुख्य क्षेत्रको रूपमा स्थापित गरेको छ ।

१५ औं योजनाले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज निर्माण गर्ने सोचका साथ, बालबालिका तथा किशोरकिशोरीहरूलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ । उक्त सोच र लक्ष्य पूरा गर्न तीन वटा उद्देश्य र सात वटा रणनीति तय गरेको छ । दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य नं ४ मा सबै किशोर तथा किशोरीहरूले नि:शुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने उल्लेख भएको छ । सोही अनुरूप यस नगर क्षेत्रका सबै बालबालिकाहरूको सर्वाङ्गीण बालविकास गर्ने उद्देश्यका साथ महालक्ष्मी नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रम तय गर्दै निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

| क्र.स | कार्यक्रमको नाम | विवरण (लाभान्वित सङ्ख्यासहित) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ | आ.व २०७८/७९ | कुल जम्मा |
| १ | बालसमूह गठन | - | - | ८७९ जना लाभान्वित (१३ समूह गठन) | २१० जना लाभान्वित (४ समूह गठन) | १४७ जना (४ समूह) | १२३६ जना (२१ समूह) |
| २ | बालबालिका हरुको क्षमता विकास कार्यक्रम | - | - | ८२ जना लाभान्वित (१ स्थान) | १८२जना लाभान्वित (१ स्थान) | - | २६४ जना |
| ३ | बालविवाह विरुद्धको सचेतना कार्यक्रम | - | - | ५ हजार ब्रोसर ४९२ व्यानर वितरण | ३०८ जना (५ स्थान) | - | ३०८ जना |

# सामाजिक जागरण: महिला सशक्तीकरण

नेपालको संविधानको भाग ३ धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । पन्ध्रौं योजनाले लैङ्गिक समानता र महिला सशक्तीकरणमा लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच राख्दै महिलाको समान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने लक्ष्य निर्धारण गरेको छ । उक्त सोच र लक्ष्य प्राप्तिका लागि तीन वटा उद्देश्य र पाँच वटा रणनीति तय गरेको छ । यसको आधारमा नीति तथा कार्यक्रम तय गर्दा लैङ्गिक विकास सूचाकाङ्क ०.८९७ बाट ०.९६९ पुग्ने र लैङ्गिक सशक्तीकरण सूचकाङ्क ०.९७ बाट ०.६४ पुग्ने अपेक्षा गरिएको छ । दीर्घकालीन विकास लक्ष्यको लक्ष्य नं ५ लैङ्गिक समानताअन्तर्गत लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने कुरा उल्लेख गरिएको छ । जसमा नेपाल पक्षले प्रतिबद्धता जनाएको छ । उल्लिखित लक्ष्य तथा उद्देश्य पूरा गर्ने ध्येयका साथ यस नगरपालिकाले महिला तथा लैङ्गिक समानताका क्षेत्रमा नीति तथा कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्दै आएको छ ।

» महालक्ष्मी नगरपालिकाले आर्थिका वर्ष २०७५/०७६ मा नगरस्तरीय महिलाहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको थियो भने वडा नं ६ मा महिला समूहका पदाधिकारीहरूलाई नेतृत्व तथा संस्थागत क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिएको थियो जसबाट ६३ जना लाभान्वित भएका थिए ।

» महिला सशक्तिकरण तथा सीप विकासका लागि सञ्चालित कार्यक्रम विवरण

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन गरिएको स्थान | लाभान्वीत संख्या |
|---|---|---|---|
| १. | नेपाली कपडाको ढाका बुनाइ तालिम | वडा नं ७ र ८ | ३१ |
| २. | सिलाई तालिम | वडा नं ३ र ९ | ३७ |
| ३. | कुसन तथा नेपाली कपडाको सामाग्री बनाउने तालिम | वडा नं ६ | ४७ |
| ४. | कपडाको झोला बनाउने तालिम | वडा नं ६ | १८ |
| ५. | कौसी खेती तालिम | वडा नं ३ | २९ |
| ६. | ब्युटिपार्लर तालिम | वडा नं ३ | ४१ |
| ७. | परालजन्य सामग्री उत्पादन तथा आधुनिक सुकुल बुनाई तालिम | वडा नं ६ | ३९ |
| ८. | डल बनाउने तालिम | वडा नं ८ | २२ |
| ९. | अचार बनाउने तालिम | वडा नं ५ | २५ |
| १०. | मखमलको जुत्ता बनाउने तालिम | वडा नं ८ | १५ |
| ११. | कृष्टलको माला चुरा पोते तथा गहना बनाउने तालिम | वडा नं ३,६र ८ | ७९ |
| १२. | सेनिटरी प्याड बनाउने तालिम | वडा नं ४ | ८० |
| १३. | साबुन, सर्फ बनाउने तालिम | वडा नं ९ | २० |
| १४. | आधारभुत अंग्रेजी भाषा सिकाई तालिम | वडा नं ६ | २० |
| | जम्मा | | ५०३ |

# ज्येष्ठ नागरिकको सम्मानः नगरको पहिचान



ज्येष्ठ नागरिकहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा सुविधाको उचित व्यवस्थापन गर्नु सबै सरोकारवालाहरूको दायित्व हुन आउँछ । ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७४ सम्बन्धी मिति २०७४ माघ १५ गते जनप्रतिनिधिहरू, वडा सचिवसहित अन्य कर्मचारीहरू सहित ३१ जनाको सहभागितामा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।

ज्ञान, सीप र अनुभवका धनी बाआमाहरूलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक, दिवस (असोज १५, अक्टुवर १ तारेख) को अवसरमा २०७८ साल असोज १४ का दिन सबै वडाका सबैभन्दा ज्येष्ठ महिला र पुरूषको सम्मान तथा स्वास्थ्य परीक्षण गरी कार्यक्रम

सम्पन्न गरिएको थियो । कार्यक्रममा ज्येष्ठ बा आमाको आधारभूत स्वास्थ्य परीक्षण (रगतमा सुगरको मात्रा, रक्तचाप, रगतमा अक्सिजनको मात्रा र मुटुको धड्कन आदि परीक्षण) गरिएको थियो । यससँगै नगरपालिकाले ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमको शुभारम्भ गरी हरेक महिना ज्येष्ठ नगारिकहरूको घरदैलो मै गई उहाँहरूको आधारभूत स्वास्थ्य परीक्षणलाई नियमित रूपमा गर्दै आएको छ ।

**ज्येष्ठ नागरिक परिचयपत्र वितरण विवरण**

| आ.व | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | जम्मा |
|---|---|---|---|---|---|
| दलित | १९ | १० | ६ | २ | ३७ |
| जनजाती | ३९१ | ११२ | ८१ | ६७ | ६५१ |
| अन्य | ३७८ | ४१५ | ९१ | ६७ | ९५१ |
| जम्मा | ७८८ | ५३७ | १७८ | १३६ | १६३९ |

## सामाजिक समावेशीकरण

जनप्रतिनिधि निर्वाचित भए लगत्तै यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरूका लागि स्वास्थ्य उपचार खर्च बापत वार्षिक रू १५०० उपलब्ध गराइएको र आथिक वर्ष ०७८/७९ बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरूलाई कोभिड तथा अन्य स्वास्थ्य उपचार सहयोग बापत वार्षिक रू ३००० उपलब्ध गराइएको छ ।

महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गका व्यक्तिहरूलाई व्यवसाय दर्ता शुल्क र वार्षिक करमा ५० (पचास) प्रतिशत छुट दिइँदै आएको छ ।

परम्परागत घरेलु उद्यगहरू ढाका, सुकुल र भाँडाकुँडाको व्यवसायलाई वार्षिक करमा पच्चीस प्रतिशत कर छुट दिइनेछ ।



# व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा

| व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाइँ सरी आएको | | बसाइँ सरी जाने | |
| | | | | | दर्ता सङ्ख्या | सदस्यको सङ्ख्या | दर्ता सङ्ख्या | सदस्यको सङ्ख्या |
| २०७४/७५ | १०२० | ३१२ | १७ | ५५६ | ४४८ | १७८६ | ४५ | १४८ |
| २०७५/७६ | ७९९ | ३०३ | १२ | ४४६ | २५८ | ९८५ | ३० | १०७ |
| २०७६/७७ | ५६१ | २८३ | १० | ३०३ | २१५ | ७८८ | १९ | ६५ |
| २०७७/७८ | १३२२ | ६४३ | ३२ | ६६० | ५६९ | २१०५ | ७७ | २५४ |
| **जम्मा** | **३७०२** | **१५४१** | **७१** | **१९६५** | **१४९०** | **५६६४** | **१७१** | **५७४** |

यस नगरक्षेत्रभित्र बसाइँ सरी जानेभन्दा बसाइँ सरी आउनेको सङ्ख्या झण्डै १० गुणा बढी हुनुले पनि यस नगरको बढ्दो सहरीकरणलाई पुस्टाइँ गर्दछ ।

१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको VERS–MIS प्रणालीको सुदृढीकरण गरी सबै वडाबाट व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्धविच्छेद) प्रणालीलाई व्यवस्थित गरिएको छ ।

२) सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी र सहज बनाउन आर्थिक वर्ष ०७४ ।७५ बाट सम्पूर्ण लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैङ्किङ पद्धतिमा आबद्ध गरियो ।

३) लाभग्राहीले आफ्नो घर दैलोबाटनै सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको अनुभुति हुने गरी लाभग्राहीलाई पायक पर्ने स्थानबाट सामाजिक सुरक्षा भत्ता लिन सकिने वातावरण सिर्जना गर्न ७ वटा बैङ्क तथा वित्तीय संस्थासँग सम्झौता गरिएको छ ।

४) अव्यवस्थित र Manual रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको सम्पूर्ण अभिलेखलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको अनलाइन प्रणालीमा प्रविष्ट गरी अनलाइन प्रणालीबाटै भत्ता वितरण हुने व्यवस्था मिलाइएको छ ।

# सामाजिक विकासशाखाबाट सञ्चालन भएका अन्य कार्यक्रमहरुको विवरण



| क्र.स | कार्यक्रमको नाम | विवरण (लाभान्वित सङ्ख्यासहित) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ | आ.व २०७८/७९ | कुल जम्मा |
| १ | उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम | ६३ जना (१ स्थान) | - | - | - | - | ६३ जना |
| २ | रणनीति योजना तर्जुमा कार्यक्रम | ६२ जना (१ स्थान) | - | - | - | - | ६२ जना |
| ३ | कर्मचारीहरुको प्रशिक्षण कार्यक्रम | ४४ जना (१ स्थान) | - | - | - | - | ४४ जना |
| ४ | स्थानीय तहको भूमिका सम्बन्धी अभिमुखीकरण | ६० जना (१ स्थान) | - | - | - | - | ६० जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयहरुको शैक्षिक गतिविसम्बन्धि अन्तरक्रिया कार्यक्रम | ७३ जना (१ स्थान) | - | - | - | - | ७३ जना |
| ६ | जिवन शैली तथा तनाव व्यबसुथापन कार्यक्रम | - | - | ७७ जना (१ स्थान) | - | - | ७७ जना |
| ७ | मेलमिलापकर्ता आधारभूत तालिपम | ५१ जना (१ स्थान) | - | - | - | - | ५१ जना |
| ८ | गै .स .स समिक्षा | - | १५० जना (१० संस्था) | १२० जना (८ संस्था) | १६४ (१२ संस्था) | १९५ जना (१३ संस्था) | ६२९ जना (४३ संस्था) |

# खाद्य हरियाली सहर कार्यक्रम



नेपालको संविधानको भाग ३ धारा ३० स्वच्छ वातावरणको मौलिक हकलाई स्थापित गर्न र सबै नागरिकलाई स्वच्छ सफा वातावरणमा बाँच्न पाउने कुराको सुनिश्चिता गर्न वातावरण ऐन, २०७६ जारी भएको छ । त्यसै गरी दिगो विकास लक्ष्यको लक्ष्य न १३, १४ र १५ ले क्रमशः जलवायु परिवर्तनमा तत्काल पहल गर्ने, जलमुनि र जमिनमाथिको जैविक विविधताको संरक्षण गर्ने गरी जम्मा १६ वटा लक्ष्य मध्ये ३ वटा लक्ष्य वातावरण संरक्षणसँग सम्बन्धित रहेको छ । यो क्षेत्र मानव जीवनसँग प्रत्यक्ष जोडिएको छ । त्यसैले यिनै राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रतिबध्दता र नगरवासीको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई मध्यनजर गरी यस नगरपालिकाले हरियाली प्रवर्द्धन र वातावरण संरक्षणमा विशेष कार्यक्रमहरू राखेको छ । यसका लागि NAST सँग MoU गरी खाद्य हरियाली सहर परियोजना वडा नं ८ र ९ का समुदाय तथा विद्यालय स्तरमा medicine Plant लगाउने , क्षमता अभिवृद्धि गर्ने , वृक्षारोपण, अक्वपोनिक र हाइड्रोपोनिक्क खेती प्रवर्धन गर्ने काम गरेको छ ।



२०७७ साल फागुन १३ गते महालक्ष्मी नगरपालिका, ललितपुर र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) का बीचमा "खाद्य हरियाली सहर (Food Green

City)" परियोजना सम्बन्धमा ५ वर्षका लागि दुई पक्षीय समझदारी भएको छ । यस कार्यक्रम अन्तर्गत विद्यालय तथा समुदायमा अर्गानिक खाद्य हरियाली कार्यक्रमको नमूना कार्यक्रम कार्यान्वयन तथा अनुसन्धान हुँदै आएको छ । यस कार्यक्रमबाट नगरपालिकाले लिएको कृषिमा व्यवसायीकरण, विविधिकरण एवम् वैज्ञानिकीकरण गर्ने नीतिमा सहयोग पुगेको छ भने सोही कार्यक्रममार्फत नगरपालिकाका विभिन्न सामुदायिक वन क्षेत्रमा हजारौंको सङ्ख्यामा वृक्षारोपण गरिएको छ ।

# गरिबी निवारण

यस नगरपालिकाले आ.व. २०७७/७८ बाट "गरिबी निवारणका लागि लघु उद्यम विकास (Micro Enterprise Development for Poverty Allevation, MEDPA)" कार्यक्रम मार्फत सञ्चालन गर्दै आएको सीप विकास तथा तालिम विवरण निम्नानुसार रहेको छ ।

| सि .नं | सीप तथा तालिम विवरण | सहभागी सङ्ख्या | सञ्चालित वडा |
|---|---|---|---|
| १ . | ढाका बुनाई (रुमाल, सल, कुर्था) | १९ | ६ |
| २ . | Boutique सल, क्राउन, बेल्ट) | ९ | ७ |
| ३ . | Bakery (दुनोट, बिस्किट, कुकिज र केक) | १३ | ७ |
| ४ . | Bakery (दुनोट, क्रिम दुनोट, बिस्किट, कुकिज र पिज्जा) | १२ | ८ |
| ५ . | तरकारी खेती (विभिन्न बेमौसमी र नगदे बाली) | ६ | ८ |
| ६ . | पशुपालन (गाई, बाख्रा, भैंसी) | ७ | ८ |

सीप विकाससँगै नयाँ उद्यमी सिर्जना तथा स्तरोन्नति तालिम लिएका उद्यमीहरूलाई आवश्यक प्रविधि समेत हस्तान्तरण गरिएको छ जसको विवरण निम्नानुसार रहेको छ ।

| सि .नं | प्रविधिको विवरण | सङ्ख्या | सञ्चालित वडा | कैफियत |
|---|---|---|---|---|
| १ . | रिङ | ९ थान | ७ | नयाँ उद्यमी सिर्जनातर्फ |
| २ . | ओभन | ६ थान | ७ | नयाँ उद्यमी सिर्जनातर्फ |
| ३ . | चाफ्कटर | २ थान | ८ | नयाँ उद्यमी सिर्जनातर्फ |
| ४ . | सिँचाइ ड्रम (५०० लिटर) | ६ थान | ८ | नयाँ उद्यमी सिर्जनातर्फ |
| ५ . | स्प्रे (ठूलो खाले) | ६ थान | ८ | नयाँ उद्यमी सिर्जनातर्फ |
| ६ . | सिलाई मेसिन | ६ थान | ९ | पुराना उद्यमी स्तरोन्नतितर्फ |
| ७ . | ग्राइन्डर | ६ थान | ५ | पुराना उद्यमी स्तरोन्नतितर्फ |

# लैङ्गिक समानता

महालक्ष्मी नगरपालिकाले सुरुका दिनहरूदेखि नै लैङ्गिक समानताका विषयलाई विशेष प्राथिमिकताका साथ अघि बढाउँदै आएको छ । विशेषगरी हरेक वर्ष अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसका दिन लैङ्गिक समानतामा केन्द्रित अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । जसमा अन्तर्राष्ट्रिय र राष्ट्रिय महिला दिवसको सुरुवात कसरी भयो, महिला हकहितका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भए गरेका मुख्य-मुख्य उपलब्धिहरू, आगामी दिनमा गरिनुपर्ने कार्यहरू र नगरपालिकाले महिला सशक्तीकरणका

लागि ल्याएका नीति तथा कार्यक्रमका आधारमा कार्यक्रम तय गरी कार्यान्वयन गरिँदै आएको छ । त्यसैगरी हरेक वर्षको २५ नोभेम्बर देखि १० डिसेम्बर सम्म "लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान" सञ्चालन गरिँदै आएको छ जसमार्फत नगरक्षेत्रका विभिन्न स्थानहरूमा लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरण तथा सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू घुम्ती कार्यक्रमका रूपमा सञ्चालन गरिँदै आएको छ। जसले समाजमा लैङ्गिक समानतालाई थप स्थापित गर्न मद्दत गरेको महसुस गर्न सकिन्छ ।

## महिलाहरुको क्षमता विकास कार्यक्रम

| क्र.स | कार्यक्रमको नाम | लाभान्वित सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ | आ.व २०७८/७९ | कुल जम्मा |
| १ | लैंगिक हिंसा विरुद्धको कार्यक्रम | - | ११०८ जना | ११५५ जना | ५१०जना | ५८१ जना | **३३५४ जना** |
| २ | महिला सशक्तीकरण क्षमता विकास | - | ६३ जना (२ स्थान) | - | ८१जना (१ स्थान) | - | **१४४ जना** |

## श्रमसँग खाद्यान्न कार्यक्रम


कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि आह्वान गरिएको लकडाउनबाट नगर क्षेत्रभित्र बसोबास गर्ने असङ्गठित क्षेत्रमा काम गर्ने ज्यालादारी मजदुर तथा श्रमिकहरूमाथि पर्न गएको असुविधा र समस्याहरूलाई मध्यनजर गरी त्यस्ता बेरोजगार ज्यालादारी मज्दुर तथा श्रमिकहरूलाई कामको अभावका कारण भोकै बस्न नपरोस् भन्ने ध्येयका साथ यस नगरपालिकाले "श्रमसँग खाद्यान्न" कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसमार्फत श्रम गर्न चाहने श्रमिकहरूलाई वडा कार्यालयहरूबाट सार्वजनिक विकास निर्माण तथा सरसफाइका कामहरूमा लगाई प्रति व्यक्ति दुई दिनको श्रम गरेबापत ३० के.जी.को एक बोरा चामल दिने व्यवस्था मिलाई नगर क्षेत्रलाई शून्य भोकमरी क्षेत्रका रूपमा स्थापित गरिँदै आएको छ ।



| वडा नं | बेरोजगारको लागि फाराम भर्नेको सङ्ख्या | राहत पाउने लाभग्राहीको सङ्ख्या | राहत वितरण विवरण (के .जी) |
|---|---|---|---|
| आ .व २०७७/७८ | | | |
| १ | ११ | ० | ० |
| २ | ११ | ० | ० |
| ३ | ६ | ० | ० |
| ४ | ३१ | ० | ० |
| ५ | ५८ | ३३५ | २३४५ |
| ६ | ० | ० | ० |
| ७ | ७२ | ६३ | २०४० |
| ८ | १३७ | २०५ | ८८८० |
| ९ | ६० | ३२७ | १०५९० |
| १० | १९१ | ० | ० |
| जम्मा | ५७७ | ९३० | २३८५५ |
| आ .व . २०७८/७९ | | | |
| वडा नं | लाभग्राही सङ्ख्या | काम गरेको दिन | राहत वितरण विवरण (बोरा) |
| १ | ६ | ४० | २० |
| २ | २० | ४० | २० |
| ९ | १०० | २०० | १०० |
| जम्मा | १२६ | २८० | १४० |

## स्थानीय बजार

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, सेवा प्रदायक वा बिक्रेताको व्यावसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न "महालक्ष्मी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७६" जारी गरी स्थानीय बजार नियमन तथा अनुगमन गरिँदै आएको छ ।


महालक्ष्मी राजपत्र

खण्ड: ३, संख्या: ९, मिति: २०७६/५/१२

भाग-२

महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगर कार्यपालिकाद्वारा प्रकाशित

महालक्ष्मी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका: २०७६

# आयोजना बैङ्कको सुरुवात



महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ललितपुर
सम्भावित योजना सूची (आयोजना बैङ्क)

हाम्रो जस्तो विकासोन्मुख नगरपालिकामा आर्थिक स्रोतमा रहन जाने सिमितताका कारण हरेक वर्षको नगरसभाबाट परित हुने नीति तथा कार्यक्रम र योजनामा समावेश हुन नसकेका तर थप आर्थिक स्रोतको व्यवस्थापन भएको खण्डमा कार्यान्वयन गरिने योजनाहरूलाई समावेश गर्ने गरी आयोजना बैङ्क (Project Bank) मा राखिने गरिन्छ जसले आवश्यकतामा आधारित विकास गर्नमा थप मद्दत पूराउँदै आएको छ । यस नगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याएसम्म प्राथमिकताको आधारमा योजनाहरूको छनोट गरी वार्षिक नीति, कार्यक्रम तथा बजेटभित्र समावेश गरी प्राभावकारी तवरले कार्यान्वयन गर्दै आएको छ । वडास्तर तथा नगरस्तरबाट उठान भएका, सरोकारवालाहरूबाट छनौट भएका सम्भावित योजनाहरूलाई प्राथमिकता प्रदान गर्दै योजना बैङ्कको रूपमा वार्षिक नीति तथा कार्यक्रममै समेटिएको छ । हालसम्म ८८१ वटा योजनाहरू बैङ्कमा समाविष्ट भएका छन् ।

# भूकम्पपछिको पुनर्निर्माण

२०७२ सालको विनाशकारी भूकम्पबाट यस नगरपालिकामा जनधन तथा सामुदायिक भवन एवम् सम्पदाहरू क्षति हुन पुगेको थियो । राष्ट्रियस्तरबाट भूकम्प पिडितहरूका लागि प्राप्त सहयोगका अतिरिक्त नगरपालिकाले विभिन्न स्तरको स्रोत तथा साधनको परिचालन गरी सामुदायिक भवन, धार्मिक एवम् साँस्कृतिक सम्पदाहरूको पुन निर्माण तथा सबलीकरणका लागि सहयोग, समन्वय तथा सहजीकरण गरेको छ । भूकम्प पुन निर्माणका लाभग्राही विवरण र तिनको अवस्था निम्नबमोजिम रहेको छ :

| वडा नं | जम्मा लाभान्वित | सम्पर्कमा नआएका | पहिलो किस्ता प्राप्त गर्ने | दोस्रो किस्ता प्राप्त गर्ने | तेस्रो किस्ता प्राप्त गर्ने |
|---|---|---|---|---|---|
| १ | ३५ | ४ | ३१ | १६ | १५ |
| २ | ५२ | ९ | ४३ | २३ | २२ |
| ३ | ५९ | ६ | ५३ | २८ | २६ |
| ४ | २२५ | १५ | २१० | ८२ | ७८ |
| ५ | १५५ | १५ | १४० | ६८ | ६६ |
| ६ | ७१६ | १३६ | ५८० | २९९ | २७५ |
| ७ | १५१ | १५ | १३६ | ६७ | ६४ |
| ८ | १०३० | ११८ | ९१२ | ४३४ | ४०५ |
| ९ | ९८५ | ११८ | ८६७ | ५४८ | ५०९ |
| १० | ३७८ | ४४ | ३३४ | १४४ | १२१ |
| **जम्मा** | **३७८६** | **४८०** | **३३०६** | **१७०९** | **१५८१** |




# टोलविकास संस्थाको गठन र परिचालन

नगरको समग्र विकासका लागि टोल तथा वस्तीका सरोकारवालाहरूको सहभागितामा समाजको भौतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षको गुणस्तरीय तथा दिगो विकासको सुनिश्चितता गर्न सम्बन्धित क्षेत्रका वासिन्दाको समावेशी सहभागिताका आधारमा टोलविकास संस्थाको गठन गर्ने प्रावधान रहेको छ । सामुदायिक प्रयासमा टोलको संस्थागत, समाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न नगरपालका तथा नगरोन्मुख स्थानका सहरी बस्तीहरूमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न महालक्ष्मी नगरपालिकाले महालक्ष्मी नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७५ आश्विन ७ गते बाट जारी गरी सोही अनुसार हरेक वडामा टोलविकास संस्थाको गठन तथा परिचालन गर्दै आएको छ ।

हालसम्म सबै वडामा दर्ता भएका टोल विकास संस्थाहरूको विवरण निम्नानुसार रहेको छ :

| वडा | टोल विकास संस्था सङ्ख्या |
|---|---|
| १ नं वडा | ४ |
| २ नं वडा | १ |
| ३ नं वडा | २ |
| ४ नं वडा | १६ |
| ५ नं वडा | २१ |
| ६ नं वडा | ४ |
| ७ नं वडा | ६ |
| ८ नं वडा | २१ |
| ९ नं वडा | १६ |
| १० नं वडा | ७ |
| जम्मा | ९८ |

# महालक्ष्मी नगरपालिकाद्वारा एकीकृत नगर सूचना प्रणाली र विद्युतीय घर नक्सा प्रणाली सुरु

महालक्ष्मी नगरपालिका, ललितपुरले एकीकृत नगर सूचना प्रणाली र विद्युतीय घर नक्सा प्रणाली सुरू गरेको छ । दुवै प्रणालीको नगर प्रमुख श्री रामेश्वर श्रेष्ठले २०७८ चैत १३ गते शुभारम्भ गर्नुभयो ।

महालक्ष्मी नगरपालिकाले बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसनको आर्थिक सहयोग एवम् वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) तथा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा सन् २०१९ देखि "नेपालमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी मापदण्डको नमुना कार्यान्वयन" परियोजना सञ्चालन हुँदै आएको छ । सोही परियोजनाअन्तर्गत सरसफाइ लगायत नगरपालिकाका अन्य तथ्याङ्क एवम् सूचनालाई सुदृढ र प्रभावकारी बनाउन एकीकृत नगर सूचना प्रणाली निर्माण गरिएको हो ।

उक्त प्रणालीका साथै सूचना प्रविधिको प्रयोगमार्फत नगरपालिकाबाट प्रदान गरिने सेवालाई थप सरल, सहज र व्यवस्थित गर्ने नगरपालिकाको नीति अनुरूप नगर क्षेत्रभित्र नव निर्माण गरिने भवनहरूको नक्सा पास प्रक्रियालाई थप व्यवस्थित गर्न विद्युतीय घर-नक्सा पास प्रणाली सुरू गरिएको छ र सो प्रणालीको शुभारम्भ समेत सोही दिन नगर प्रमुख श्री रामेश्वर श्रेष्ठले गर्नुभयो ।

उक्त शुभारम्भ कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीव विक्रम राणा, महालक्ष्मी नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत रोशन ज्ञवाली, वडाध्यक्षहरूलगायतको उपस्थिति थियो ।



*'लेस पेपर'बाट 'पेपरलेस' बन्दै*
*महालक्ष्मी नगरपालिका*
*"प्रविधिबाटै घरनक्सा पास सुरू"*



# महालक्ष्मी नगरपालिका

ललितपुर

बागमती प्रदेश, नेपाल

फोन नं. ०१-५२०३५९२, ५२०१६३३, ५२०१७३३

Email: mahalaxmimun@gmail.com, info@mahalaxmimun.gov.np
URL: www.mahalaxmimun.gov.np